सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ भदौ २०८२, मंगलबार (2 Sep 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ एमाले विधान महाधिवेशन

विद्याको सदस्यताको निर्णय नसच्याए फरक मत राख्ने तयारी



● वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र युवराज ज्ञवालीद्वारा फरक मतसहित दस्ताबेज मस्यौदा तयार

■ सेन्टर फर पब्लिक पोलिसी रिसर्चले सोमबार आयोजना गरेको अन्तरसंवादमा एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले भने- **निर्णय नसच्याए असहमति राख्छौं**

केन्द्रीय कमिटी बैठकमा तत्कालै बोलेर हामीले असहमति जनायौं । माइन्युट लेखन तथा बहस नोट लेखन टोलीलाई पनि यो हाम्रो फरक मत हो भनेर दियौं । तर, उक्त विषय अपानिमा सर्कुलर भएन । त्यसपछि युवराज ज्ञवाली र मैले संयुक्त रूपमा सही गरेर पार्टीको छलफलको विषय बनाइयोस् भनेर प्रस्तुत गरेका छौं । नेतृत्वले भिन्न मत पनि स्वीकार गर्छु भनेपछि फरक मत पनि जानुपरेन । तर, सुनुवाइ नगरी पुरानै निर्णय पास गर्न खोजियो भने विधान महाधिवेशनमा विमति राख्ने काम हुन्छ ।

प्रेम गौतम/नयाँ पत्रिका


पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण नगर्ने केन्द्रीय कमिटीको निर्णयपछि एमालेभित्र उत्पन्न ध्रुवीकरणको असर आसन्न विधान महाधिवेशनमा पनि देखिने भएको छ । निर्णय पुनर्विचार नभए विधान महाधिवेशनमा फरक मत राख्ने विद्या पक्षधर नेताहरूको तयारी छ । ललितपुरको गोदावरीस्थित सनराइज हलमा २०-२२ भदौमा एमालेको विधान महाधिवेशन हुँदै छ ।

» पृष्ठ २ मा क्रमशः

विद्युत् महसुल नतिर्ने साधारण ग्राहक र उद्योगीलाई राज्यको विभेद

एक वर्षमा डेढ लाखको लाइन काटियो तर, आठ अर्ब नतिर्ने उद्योगीलाई अझै छुट

०८१/८२ मा सबैभन्दा धेरै मधेशका ग्राहकको काटियो बिजुली



मिलन विश्वकर्मा/नयाँ पत्रिका

एक वर्षमा समयमै विद्युत् महसुल नतिरेका डेढ लाख ग्राहकको बिजुली काटिएको छ । तर, डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत उपभोग गरेको विद्युत्को बक्यौता १० वर्षदेखि नतिरेका उद्योगीले भने सरकारकै संरक्षणमा छुट पाइरहेका छन् । विद्युत् प्राधिकरणमा कुलमान घिसिङ कार्यकारी निर्देशक छँदा उद्योगीसँग बक्यौता

» पृष्ठ २ मा क्रमशः

प्राधिकरणले त लाइन काटेकै हो, तर मन्त्रिपरिषद्ले नै निर्देशन दिएपछि उद्योगहरूमा लाइन जोड्न बाध्य भयौं

● **दीर्घायुकुमार श्रेष्ठ**, उपकार्यकारी निर्देशक, विद्युत् प्राधिकरण



बिल जारी भएको ६० दिनसम्म पनि असुल नभएपछि लाइन काट्ने नियमित प्रक्रिया नै हो । धेरै बक्यौता भएका ग्राहकबाट क्रमशः लाइन काट्ने गरेका छौं । प्राधिकरणलाई सर्वसाधारणको लाइन काट्ने, उद्योगीको भने नकाट्ने भनेर आरोप लाग्ने गरेको पनि होला । प्राधिकरणले त बक्यौता नतिर्ने उद्योगमा पटक-पटक लाइन काटेकै हो । तर, मन्त्रिपरिषद्ले नै लिखित निर्देशन दिएपछि बक्यौता असुल नहुँदै लाइन जोड्न प्राधिकरण बाध्य भयो ।

■ उद्योगीको बक्यौता पुनरावलोकन गर्न गठित प्रशासकीय पुनरावलोकन समिति नै अलपत्र

सरुवा गरेर माथिल्लो अरुण परियोजनामा पठाइएका बेलप्रसाद शर्मालाई फिर्ता बोलाइयो, तर हाजिर हुनै आएनन्

विद्युत् प्राधिकरणले गरेको बिलिङलाई संसद्को सार्वजनिक लेखा समिति, विभिन्न अदालत, महालेखा परीक्षक र अख्तियारसमेतले मान्यता दिएको तथा सर्वोच्चमा मुद्दा विचाराधीन रहेको अवस्थामा उद्योगीलाई बक्यौतामा छुट दिने मनसायले सरकारले प्रशासकीय पुनरावलोकन समिति गठन गरेको छ । तर, समिति नै अलपत्र छ । अख्तियारले डाम्ने र भविष्यमा विभिन्न कानुनी समस्या आउने देखिएपछि समितिमा बसेर कर्मचारीले काम गर्ने मानेका छैनन् ।

प्राधिकरणको कानुन विभागका निर्देशक यो समितिमा स्वतः सदस्यसचिव हुने व्यवस्था छ । सुरुमा कानुन विभागका तत्कालीन निर्देशक बलराम सिलवाल समितिमा स्वतः सदस्यसचिव हुनेवाला थिए । तर, उनको सरुवा गरेर बेलप्रसाद शर्मालाई ल्याइयो । त्यसपछि स्वतः शर्मा नै पुनरावलोकन समितिको सदस्यसचिव बने । तर, उनी समितिको सदस्यसचिव भएर काम गर्न मानेनन् । प्रशासकीय पुनरावलोकन समितिमा बस्न नमानेपछि शर्मालाई माथिल्लो अरुण जलविद्युत् परियोजनामा काजमा पठाइयो । त्यसपछि कानुन विभागका उपनिर्देशक रमेश घिमिरे स्वतः निमित्त प्रमुख भएपछि सदस्यसचिव बने । उनले पनि काम गर्न मानेनन् । त्यसपछि कानुन विभागमा निर्देशक शिव आचार्यलाई ल्याइयो । तर, उनले पनि समितिमा बसेर काम गर्न आनाकानी गरे । अन्तिममा उनको कानुन विभागमा भएको सरुवा नै बदर भयो । त्यसपछि काजमा माथिल्लो अरुण पठाइएका बेलप्रसाद शर्मालाई नै कानुन विभागमा हाजिर हुन भन्दै ४ भदौमा फिर्ता बोलाइयो । तर, सोमबारसम्म पनि उनी कार्यालयमा हाजिर हुन पुगेका छैनन् । कानुन विभागमा फर्किएपछि उनले स्वतः समितिको सदस्यसचिव भएर काम गर्नुपर्छ । तर, त्यसबाट उम्किन उनले सरुवा नै बदर गरिदिन राजनीतिक लबिङ गरिरहेको स्रोत बताउँछ ।

त्यस्तै, प्राधिकरणका उपकार्यकारी निर्देशक दुर्गानन्द बडियैत र ऊर्जा मन्त्रालयका वरिष्ठ डिभिजनल इन्जिनियर राजु महर्जन समितिमा सदस्य छन् । उनीहरूले पनि समितिमा बसेर काम गर्न मानेका छैनन् । समितिलाई दिएको म्याद गत शनिबार सकिएको छ ।



■ ओली-पुटिन वार्ता

द्विपक्षीय सहकार्यमा जोड, रुसी सेनामा भर्ती भएका नेपालीबारे कुरै उठेन

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



राष्ट्रिय सभाको समितिमा निजामती विधेयक

अनिवार्य अवकाशको उमेरबारे सर्वसम्मत निर्णय उल्ट्याउन सामान्य प्रशासनमन्त्रीको बलजफ्ती



सोमबार बसेको राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति बैठक । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

संसदीय समितिले टुंग्याइसकेको विषय उल्ट्याउन संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले दबाब दिएपछि संघीय निजामती विधेयक रोकिएको छ । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले आइतबार प्रतिवेदन पारित गरी सोमबार सभामा पेस गर्ने तयारी गरे पनि मन्त्रीको हस्तक्षेपका कारण विधेयक रोकिएको हो ।

समितिले विधेयकका सबै दफामा सहमति जुटाएर टुंग्याए

» पृष्ठ २ मा क्रमशः

आज अन्तिम दिन

संविधानअनुसार प्रतिनिधिसभाले पठाएको विधेयक ६० दिनभित्र राष्ट्रिय सभाले पारित गरेर फिर्ता पठाउनुपर्छ । संवैधानिक सीमाअनुसार विधेयक मंगलबार पारित भएर प्रतिनिधिसभामा फिर्ता आउनुपर्छ । समितिले मंगलबार बिहान विधेयकको प्रतिवेदन टुंग्याएर सभामा पेस गर्ने तयारी गरेको छ । दिउँसो सभाबाट पारित गरेर पठाउने गृहकार्य छ । तर, समितिमा सहमति नभए विधेयक पुरानै अवस्थामा प्रतिनिधिसभामा फर्किनेछ । यस्तो अवस्थामा प्रतिनिधिसभामा सांसदहरूले परिमार्जनको प्रस्ताव राख्न सक्छन्, जसलाई बैठकले पारित गर्न सक्छ ।





खानेपानीमन्त्री प्रदीप यादवलाई फोनबाट प्रश्न गर्दा किरण साह पक्राउ प्रकरण

कानुनको गलत व्याख्या गरेर जाहेरी, प्रहरी अनुसन्धानमाथि नै प्रश्न

वीरगन्जमा **तिवारी यादव**

नागरिकको आक्रोशविरुद्ध सचिवालयमार्फत प्रहरीमा जाहेरी दिएका खानेपानीमन्त्री प्रदीपकुमार यादवले जाहेरीमा 'कानुनको गलत व्याख्या' गरेर आकर्षित नै नहुने दफा लगाएको पाइएको छ । मन्त्रीको जाहेरीका आधारमा पर्सा प्रहरीले पनि स्वेच्छाचारी अनुसन्धान गरिरहेको छ ।



किरण साह

वीरगन्जमा एक सातासम्म हैजा नियन्त्रणबाहिर रहेको तथा आफ्ना बुबा-आमासहितका परिवारका सदस्य अस्पताल भर्ना भएको भन्दै गुनासो गरेकी कलैया उपमहानगरपालिका- २६, सिस्वा महेशपुरकी किरण साहलाई शनिबार पर्सा प्रहरीले पक्राउ गरेर हिरासतमा राखेको छ ।

» पृष्ठ २ मा क्रमशः

प्रहरीको ढोकामा उभिएर किरणकी आमाले सरकारलाई सोधिन्-

पावर छ भन्दैमा त्यसै थुन्न पाइन्छ ?

वीरगन्जमा हैजा र झाडापखाला फैलिएपछि खानेपानीमन्त्री प्रदीप यादवलाई फोन गरेर प्रश्न गरेकी किरण साहलाई पक्राउ गरिएपछि उनकी आमा सावित्री साह सोमबार पर्सा जिल्ला प्रहरी कार्यालयअगाडि पुगेर सरकारलाई प्रश्न गरेकी छिन्- पावर छ भन्दैमा त्यसै थुन्न पाइन्छ ? छोरीको रिहाइका लागि दबाब दिन प्लेकार्ड बोकेर प्रहरीको ढोकाअगाडि पुगेकी उनलाई जसपा नेपालकी केन्द्रीय सदस्य करिमा बेगम, जनमत पार्टीकी नेतृ नजमा खातुनसहित विभिन्न संघ/संगठनका प्रतिनिधिले पनि साथ दिएका थिए । 'मन्त्री (प्रदीप यादव)ले पद र पावरको आडमा मेरी छोरीलाई पक्राउ गर्न लगाएको हो, पावर छ भन्दैमा त्यसै थुन्न पाइन्छ ?' सावित्रीले चेतावनी दिइन्, 'किरणले सबै नागरिकको आवाज मन्त्रीसँग उठाएकी हुन् । तत्काल प्रहरीले रिहा नगरे अझ धेरै महिलाको उपस्थितिमा प्रदर्शन हुन्छ । सरकारले त्यो अवस्थामा नपुऱ्याओस् ।'



किरणकी आमा सावित्री

आफूहरू बिरामी भएर अस्पतालमा भर्ना भएका बेला कुरुवा बसेकी छोरीलाई पक्राउ गरिएको भन्दै सावित्रीले कान्छी छोरी अझै अस्पतालमै रहेको बताइन् । तर, यस्तो संवेदनशील विषयमा पनि नेताहरूले नै अफवाह फैलाएको उनको गुनासो छ । 'अहिले पनि कान्छी छोरी सम्झा अस्पतालमै छिन् । तर, नेताहरूले अस्पतालमा कोही भर्ना नरहेको भन्दै अफवाह फैलाएका छन्,' उनले भनिन्, 'म आइतबार मात्रै डिस्चार्ज भए पनि स्वास्थ्य अवस्था सहज छैन ।'

सोलुखुम्बुमा बाढीले पाँच घर बगायो



सोलुखुम्बु / सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका- ५ मा थामेखोलाको बाढीले पाँच घर बगाएको छ। गत वर्षको बाढीले क्षतविक्षत बनेका थामेका पाँच घर आइतबार राति थामेखोलामा आएको सामान्य बाढीले बगाएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी निरीक्षक विकास राईले बताए। उनका अनुसार मानवीय क्षति भने छैन। 'गत वर्ष नै क्षति भएका कारण मानिस अन्तै बस्दै आएका थिए। गत वर्ष नै क्षतविक्षत भएका कारण आइतबार राति घरको जग बगाउँदा पाँच घर बगेका हुन्,' उनले भने, 'तर, खोलामा ठुलो बाढी भने आएको होइन।' खुम्बु पासाङल्हामु गाउँपालिकाले भने सोमबार विज्ञप्ति जारी गर्दै पाँचवटा घर बगाएको र ६ घरमा आंशिक क्षति भएको जनाएको छ। त्यस क्षेत्रमा विद्युत् प्रसारण र सञ्चार सेवाअवरुद्ध भएको प्रशासकीय अधिकृत सुजनकुमार बुढाथोकीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। गत वर्ष थामेखोलामा भीषण बाढी आएको थियो।

बाढीले कञ्चनपुरमा ५७ परिवार विस्थापित

कञ्चनपुरमा **मोहन विष्ट**



बाढीले कञ्चनपुरका दोधाराचाँदनी र भीमदत्त नगरपालिकामा गरी ५७ परिवार विस्थापित भएका छन्। जगबुढा नदीले दोधाराचाँदनी नगरपालिकाको पटराखल्लामा बाँध कटान गरेपछि बाढी बस्ती पस्दा ५२ र भुजेला खोला बस्ती पस्दा भीमदत्त नगरपालिका- ११ चौकीसाता भुजेलाका पाँच परिवार सोमबार स्थापित भएका हुन्। पहाडसँगै चुरे क्षेत्रमा लगातार वर्षा हुँदा यस क्षेत्रमा बाढी आएको हो।

कञ्चनपुर प्रहरी प्रवक्ता सागर बोहराले विस्थापित परिवारलाई नजिकका विद्यालयमा सारिएको र पानीको बहाव घटेपछि घर पठाइने बताए। बोहराका अनुसार जगबुढा नदीको बाढीले घर डुबान हुँदा दोधाराचाँदनी नगरपालिका- ३, पटराखल्लाका १२ परिवारका ५५ जना, वडा नम्बर ८ रामपुरे टापुका २५ परिवारका ७० जना र वडा नम्बर १० शान्तिटोलका १५ घरपरिवारका ५५ जना गरी १८० जना विस्थापित भएका छन्।

'घर, गोठ जलमग्न भएर बस्नै नसकिने भएपछि उद्धार गरेर नजिकैको विद्यालयमा सुरक्षित स्थानमा सारिएको छ,' प्रवक्ता बोहराले भने, 'यसपटकको वर्षाले जिल्लाको पश्चिम भूगोलमा बढी असर पुर्‍याएको छ।' गत वर्षको बाढीले पनि पटराखल्ला, सुन्दरनगर, शान्तिटोल, रामपुरे टापुका बासिन्दा विस्थापित भएका थिए। दोधाराचाँदनीका मेयर किशोरकुमार लिम्बूले जगबुढा नदीमा तटबन्ध नहुँदा हरेक वर्ष बाढी आउने गरेको बताए। 'बस्ती हिचो क्षेत्रमा छ, नदीमा बाढी आउनेबित्तिकै बस्तीमा पस्छ,' उनले भने, 'विस्थापित परिवारलाई खानबस्न प्रबन्ध गरेका छौं।'

बी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि.
वसुन्धरा, काठमाडौं, फोन नं. : ०१-४९८७०९४, ४९८७०९६
Email : hospitalbpsmriti@gmail.com, Web : www.bpsmritihospital.com.np

सार्वजनिक बोलपत्र आह्वान गरिएको सूचना

सूचना प्रकाशित मिति २०८२/०५/१७

बोलपत्र खरिद गर्ने अन्तिम मिति (**२०८२/०५/१७ गते**), कार्यालय समयभित्र बोलपत्र दर्ता गर्ने अन्तिम मिति (**२०८२/०५/३१ गते**) दिनको ५:०० बजेसम्म, बोलपत्र खोल्ने मिति **२०८२/०६/०२ गते** दिनको **२:००** बजे यस अस्पताललाई आवश्यक पर्ने विभिन्न सामग्रीहरू सार्वजनिक बोलपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकाले इजाजतप्राप्त इच्छुक व्यवसायीहरूबाट बोलपत्र आह्वान गरिएको छ। सोका लागि बोलपत्र फाराम माथि उल्लिखित समयभित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) तिरी अस्पतालको खरिद तथा भण्डार शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्रदाता माथि उल्लिखित मिति र समयअनुसार सिलबन्दी रूपमा अस्पतालको खरिद तथा भण्डार शाखामा बोलपत्र फाराम दर्ता गराइसक्नुपर्ने र उल्लिखित मितिबमोजिमकै २:०० बजे बोलपत्रदाता/प्रतिनिधिहरूको रोहवरमा सिलबन्दी बोलपत्र फाराम खोलिनेछ। बोलपत्रदाताहरूका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। उक्त दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै भोलिपल्ट तोकिएको कार्य हुनेछ।

समूह 'क' बोलपत्र

सि.नं.	ठे.सु.नं.	विवरण	बोलपत्र दस्तुर	जमानत रकम	बोलपत्र खरिद गर्ने समयावधि	बिडबन्डको मान्य अवधि
१	१- २०८२-८३	प्याथोलोजी केमिकल तथा उपभोग्यसम्बन्धी	३०००।००	१,६६,२०४।०५	१५ दिन	बोलपत्र पेस गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद हुनुपर्नेछ।
२	२- २०८२-८३	मेडिकल/सम्बन्धी	३०००।००	७९,६७९।१०	१५ दिन	
३	३- २०८२-८३	खानेपानी/जारसम्बन्धी	१०००।००	४१,४०९।३०	१५ दिन	
४	४- २०८२-८३	मेडिकल अक्सिजन ग्याससम्बन्धी	३०००।००	९८,४०४।११	१५ दिन	
५	५- २०८२-८३	छपाइसम्बन्धी	१०००।००	२२,७२०।४५	१५ दिन	
६	६- २०८२-८३	स्टेसनरी/ मसलन्दसम्बन्धी	१०००।००	८,४३९।१०	१५ दिन	
७	७- २०८२-८३	सरसफाइ सामग्रीसम्बन्धी	१०००।००	८,३८५।८३	१५ दिन	

नोट :

- खरिद प्रक्रियामा भाग लिने बोलपत्रदाताले बी.पी. स्मृति सामुदायिक सहकारी अस्पतालको माछापुच्छ्रे बैंक लि.खाता नं. १६०१५२४३०६७१२०१५ मा तोकिएको बोलपत्र खरिद दस्तुर जम्मा गर्नुपर्नेछ।
- बोलपत्र जमानत/धरौटी रकम (बिडबण्ड)को हकमा माछापुच्छ्रे बैंक लि. खाता नं. १६०१५२४३०६७१२०१५मा तोकिएको रकम नगद जम्मा गरी त्यसको दोस्रो प्रति सक्कल भौचर अथवा यस अस्पतालको नाममा जारी भएको नेपाल राष्ट्र बैंकको मान्यताप्राप्त **क** श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बिडबन्डको सक्कलप्रति समावेश गर्नुपर्नेछ।
- यस अस्पतालमा तिर्न, बुझाउन बाँकी बक्यौता रहेका, कालोसूचीमा परेका फर्म, कम्पनी, संस्थाले बोलपत्र खरिद प्रक्रियामा भाग लिन पाउनेछैनन्।
- बोलपत्र खरिद गर्न आउँदा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ। साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पताल सञ्चालक समितिमा निहित हुनेछ।
- माथि उल्लेख भएबाहेकका विषयहरू सार्वजनिक खरिद ऐन, नियमावली एवं प्रचलित कानुन तथा संस्थाको नियमानुसार हुनेछ।
  यो सूचना अस्पतालको सूचनापाटीमा समेत राखिएको व्यहोरा जानकारी गराइन्छ। साथै, सूचनामा उल्लेख नभएका विषयहरूको बारेमा बुझ्नुपरेमा अस्पतालको प्रशासन/भण्डार शाखामा सम्पर्क गर्न सकिनेछ।

बोलपत्रसम्बन्धी जानकारी

१. बोलपत्र फाराममा उल्लिखित परिमाणमा अस्पतालको आवश्यकताअनुसार थपघट हुन सक्ने र कुनै सामान खरिद नगर्न पनि सकिनेछ। यसो गरिएमा पनि बोलकबोल अंकमा नै आपूर्ति गर्नुपर्नेछ।
२. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ। यसबाट बोलपत्रदाताप्रति यस अस्पतालको कुनै दायित्व रहनेछैन।
३. आपूर्ति भएका माल-सामानहरूको चेकजाँच यस अस्पतालमा गरिनेछ। चेकजाँच गर्दा गुणस्तरयुक्त समान नभएमा उक्त सामान स्वीकार गरिनेछैन। आपूर्तिकर्ताले त्यसको सट्टामा गुणस्तरयुक्त सामानहरू प्रतिस्थापन गर्नुपर्नेछ।
४. बोलपत्रमा उल्लिखित सामानहरूको आपूर्ति गर्नका लागि प्रस्तावित मूल्य अनिवार्य रूपमा **नेपाली मुद्रामा** उल्लेख गर्नुपर्नेछ। उक्त मूल्यमा मु.अ.करबाहेकको नियमानुसार लाग्ने सम्पूर्ण करहरू समावेश भएको मानिनेछ। मू.अ.करबाहेकको अन्य शुल्क तथा करहरू बोलपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ।
५. बोलपत्रदाताले बोलपत्र पेस गर्दा २०८२ असार मसान्तसम्मको नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर (VAT), स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र, आ.व. ०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थपको पत्र साथै प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझेको र सम्बन्धित पेसा-व्यवसायसम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वघोषणापत्रसमेत बोलपत्रपत्रसाथ पेस गर्नुपर्नेछ। उपर्युक्त उल्लिखित कागजातहरू पेस नगरेका बोलपत्रदाताहरूको बोलपत्रउपर कुनै कारबाही हुनेछैन।
६. बोलपत्रदाताले बोलपत्र फाराम खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकारप्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेको बोलपत्र फाराम खरिद गर्नुपर्नेछ।
७. बोलपत्रदाताले बोलपत्र फारामको प्रत्येक पानाहरूमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप अनिवार्य रूपमा लगाउनुपर्नेछ।
८. बोलपत्रदाताले आफूले पेस गरेको बोलपत्रको सिलबन्दी खामबाहिर बोलपत्र खरिद गरेको कार्यालयको नाम तथा सम्बन्धित सामानको (आफूले जुन सामानको बोलपत्र दिने हो, उक्त सामानको नाम) बोलपत्र भनी उल्लेख गर्नुपर्नेछ। साथै, उक्त सिलबन्दी खामबाहिर स्पष्ट रूपमा बोलपत्र दाताले आफ्नो नाम, ठेगाना र ठेक्का सूचना नम्बरसमेत उल्लेख गरी पेस गर्नुपर्नेछ
९. यस कार्यालयको सूचनामा उल्लेख भएबमोजिमको जमानतबापतको नगद धरौटी रकम माछापुच्छ्रे बैंक लि. खाता नं. १६०६१५२४३०६७१२०१५ मा तोकिएको रकम सक्कल दोस्रो प्रति भौचर वा कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारबाट स्वीकृतिप्राप्त 'क' वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (बिडबन्ड)को सक्कल प्रति बोलपत्रसाथ पस गर्नुपर्नेछ। बैंक दाखिला गरेको भौचर रकम घटी वा बिडबन्ड म्याद र रकम कम भएको बोलपत्रउपर कुनै कारबाही हुनेछैन। साथै, बोलपत्र स्वीकृत भई सम्झौतासम्बन्धी कार्य सम्पन्न भएपछि धरौटी फिर्ता वा बिडबन्डलाई नियमानुसार फुकुवा गरिनेछ। जमानत रकम नगदै राख्न पाइनेछैन, त्यसरी नगदै राखेको पाइएमा सो बोलपत्र मान्य हुनेछैन।
१०. बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र स्वीकृत बोलपत्रदाताले नियमानुसार राख्नुपर्ने जमानत रकम माछापुच्छ्रे बैंक लि. खाता नं. १६०६१५२४३०६७१२०१५ मा तोकिएको रकम नगद जम्मा गरी सोको दोस्रो प्रति भौचर वा सम्झौता हुने मितिले कम्तीमा एक वर्षको म्यादसमेत समेट्ने अवधि भएको पर्फमेन्स बन्ड साथ सम्झौता गर्न आउनुपर्नेछ। यसरी म्यादभित्र सम्झौता गर्न नआएमा नगद जमानत वा बिडबण्ड जफत गरिनेछ।
११. बोलपत्रसम्बन्धी अन्य केही कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस अस्पतालको खरिद तथा भण्डार शाखामा बुझ्न सकिनेछ।

एक वर्षमा डेढ...

पृष्ठ १ बाट क्रमशः

उठाउन पटक-पटक प्रयास गर्दा प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले हस्तक्षेप गरेका थिए। बक्यौताकै तिक्तताबिच सरकारले उनलाई पदबाट हटाएको थियो।

विद्युत् प्राधिकरणले आर्थिक वर्ष ०८१/८२ मा तोकिएको समयभित्र महसुल नबुझाएका एक लाख ५४ हजार ६५२ ग्राहकको लाइन काटेको जनाएको छ। यसरी विद्युत् कटौती हुनेमा अधिकांश घरायसी उपभोक्ता छन्। प्राधिकरणको सोही वर्षको वार्षिक प्रतिवेदनअनुसार उनीहरूको बक्यौता १५ अर्ब ४७ करोड ६३ लाख थियो।

उता ०७२ माघदेखि ०७५ वैशाखसम्म डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् उपभोग गरेका ४६ उद्योगले मात्रै झन्डै आठ अर्ब बक्यौता तिर्न बाँकी छ। तत्कालीन सिइओ घिसिङले गत वर्ष केही उद्योगको लाइन काट्न सुरु गरेर ४९ उद्योगसँग सवा आठ अर्ब बक्यौता उठाउन प्रयास गरेका थिए। तर, प्रधानमन्त्री र ऊर्जामन्त्रीको दबाबमा पुनः लाइन जोडिएको थियो। अन्य ग्राहकको हकमा भने बक्यौता बुझाएपछि मात्रै लाइन जोड्ने गरिएको छ।

प्राधिकरणले मिटर रिडिङ भएको ६०औँ दिनसम्म २५ प्रतिशत थप दस्तुरसहित बक्यौता महसुल तिर्ने सुविधा दिन्छ। यो अवधिमा पनि महसुल नतिरे ग्राहकको लाइन काट्ने प्राधिकरणको विद्युत् महसुल संकलन विनियमावली, २०७८ मा व्यवस्था छ। लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्तालाई कालोसूचीमै राखेर असुली प्रक्रिया अगाडि बढाउने प्रावधान छ। बक्यौता नतिरेसम्म लाइन जोड्न जोड्दैन। यही व्यवस्थाभित्र रहेर प्राधिकरणले नियमित रूपमा आमग्राहकको लाइन काट्दै र जोड्दै आएको छ। जुन वर्षौंसम्म बक्यौता नबुझाउने उद्योगीको हकमा लागू भएको छैन।

प्राधिकरणले बिल उपलब्ध गराएको सात दिनभित्र महसुल भुक्तानी गरेमा भने ग्राहकले २ प्रतिशत छुट पाउँछ। मिटर रिडिङ भएको १६औँ दिनदेखि थप दस्तुर लाग्छ। मिटर रिडिङ भएको मितिले १६औँ दिनदेखि ३०औँ दिनसम्म ५ प्रतिशत र ३१औँ दिनदेखि ४०औँ दिनसम्ममा १० प्रतिशत तथा ४१औँ दिनदेखि ६०औँ दिनसम्ममा २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने उक्त विनियमावलीमा व्यवस्था छ।

प्राधिकरणको तथ्यांक हेर्दा ०८१/८२ मा महसुल असुली नहुँदा गरिने विद्युत् कटौती भने घटेको देखिन्छ। ०८०/८१ मा एक लाख ८८ हजार २७५ ग्राहकको घर तथा उद्योगमा लाइन काटिएको थियो। उनीहरूको बक्यौता नौ अर्ब ५० करोड थियो। गत वर्ष विद्युत् कटौती हुने ग्राहकसँग घटे पनि बक्यौता रकम भने अघिल्लो आवको बक्यौतासमेत जोडिएकाले धेरै देखिएको छ।

उद्योगीसँग बक्यौता उठाउन खोजे पनि सरकारको निर्देशनका कारण जोड्न बाध्य भएको प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ बताउँछन्। 'बिल जारी भएको ६० दिनसम्म पनि असुल नभएपछि लाइन काट्ने नियमित प्रक्रिया नै हो। धेरै बक्यौता भएका ग्राहकबाट क्रमशः लाइन काट्ने गरेका छौँ। तर, अस्पतालजस्ता संवेदनशील क्षेत्रमा लाइन काट्नुअघि ताकेता पनि गर्छौं। लाइन काटिनेमा औद्योगिक, घरेलुसहित सबै खाले ग्राहक छन्,' उनले भने, 'प्राधिकरणलाई सर्वसाधारणको लाइन काट्ने, उद्योगीको भने नकाट्ने भनेर आरोप लाग्ने गरेको पनि होला। प्राधिकरणले त बक्यौता नतिर्ने उद्योगमा पटक-पटक लाइन काटेकै हो। तर, मन्त्रिपरिषद्ले नै लिखित निर्देशन दिएपछि बक्यौता असुल नहुँदै लाइन जोड्न प्राधिकरण बाध्य भयो। अहिले प्रशासकीय पुनरावलोकन समितिले काम गरिरहेकाले थप कामकारबाही अघि बढेको छैन।'

विद्युत् कटौतीले बक्यौता असुलीमा सहयोग पुगेको र गत आवमा बिक्री भएको विद्युत्को ९७ प्रतिशत महसुल उठेको उनको भनाइ छ। अहिले प्राधिकरणका ५७ लाख सात हजार पाँच सय २८ ग्राहक छन्। लाइन काटेपछि ८०-९० प्रतिशत ग्राहकले ऋण-धन गरेर भए पनि तीन-चार दिनभित्र बक्यौता भुक्तानी गर्छन्। लाइन काटिएका १० प्रतिशत ग्राहकले भने बक्यौता तिर्न ढिलाइ गरेको तथ्यांक छ। गत आवमा प्राधिकरणले १७ अर्ब ४७ करोड १० लाख रुपैयाँको निर्यातसहित विद्युत् बिक्रीबाट कुल एक खर्ब २५ अर्ब २७ करोड ७० लाख रुपैयाँ आम्दानी गरेको थियो।

कानुनको गलत...

पृष्ठ १ बाट क्रमशः

मन्त्री यादवले साहलाई थुनाउँदा विद्युतीय अपराध, संघीय सांसदलाई धम्की दिने र झुटा समाचार/अफवाह फैलाउनेसम्बन्धी कसुरमा उजुरी दिएका छन्। पर्सा प्रहरी प्रवक्ता किशोर लम्सालका अनुसार मुलुकी अपराध संहिताको ०७४ को दफा ५८ को १ बमोजिमको कसुरमा पनि जाहेरी परेकाले त्यसमा अनुसन्धान भइरहेको हो।

'यो दफामा राष्ट्रपति वा सांसदलाई धम्की दिन नहुने उल्लेख छ। कसुर गर्ने वा गराउने व्यक्तिलाई सात वर्षसम्म कैद वा ७० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ। यसमा पनि अनुसन्धान भइरहेको हो, प्रमाणित हुने, नहुने अदालतबाट थाहा होला।'

तर, किरणको सवालमा यो दफा आकर्षित नै नहुने देखिन्छ। दफा ५८ को १ मा स्पष्ट उल्लेख छ, 'कसैले नेपालको राष्ट्रपति वा संसद्लाई संविधान तथा कानुनबमोजिम गर्नुपर्ने कार्यसम्पादन गर्नबाट रोक लगाउन वा वञ्चित गर्न वा कुनै खास तरिकाले कार्यसम्पादन गर्न बाध्य गराउन कुनै किसिमको बल प्रयोग गरी वा नगरी कुनै किसिमको धम्की दिन, डर वा त्रास देखाउन वा अन्य कुनै दबाब दिनुहुँदैन।' यहाँ सांसद नभई संसद्लाई धम्की दिन नहुने र त्यो कसुरजन्य भनिएको हो। तर, मन्त्री यादवको सचिवालयले कानुनको गलत व्याख्या गरेर जाहेरी दिँदा प्रहरीले पनि त्यसैमा टेकेर अनुसन्धान गरिरहेको छ।

वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई मुलुकी अपराध संहिता, ०७४ को दफा ५८ मा भएको संसद् शब्दले सभालाई जनाउने बताउँछन्। 'यस दफाको प्रयोजनका लागि संसद् भन्नाले नेपालको संविधानबमोजिमका संघीय संसद् र प्रदेश सभा सम्झनुपर्छ र सो शब्दले व्यवस्थापिका-संसद्लाई समेत जनाउँछ भनेर स्पष्टीकरणमै प्रस्ट भनेको छ,' भट्टराईले भने, 'यो दफामा संसद्लाई सांसद भनेर व्याख्या गर्न मिल्ने आधार देखिँदैन।'

संवैधानिक कानुन व्यावसायिक मञ्चका अध्यक्ष, अधिवक्ता ओमप्रकाश अर्याल त राज्यका पदाधिकारीमाथि आक्रोश पोखेकै आधारमा कसुरजन्य नहुने बताउँछन्। 'त्यो अवस्थामा आक्रोश आउनु स्वाभाविक हो, अभिव्यक्ति अशोभनीय भयो होला। तर, अशोभनीय अभिव्यक्ति कसुरजन्य हुन्छ भन्ने हुँदैन। कसुर कायम गरिहाल्नुहुँदैन। यो घटनाले राज्यका पदाधिकारी नागरिकप्रति अनुदार हुँदै गएको देखाउँछ। अदालतका बारेमा अशोभनीय बोल्दा त अवहेलना कायम भएको छैन!' अर्यालले भने, 'धम्की/अभिव्यक्तिको उद्देश्य रियल थ्रेट हो कि होइन भनेर हेर्नुपर्छ। सबै विषयमा अपराधीकरण गर्न मिल्दैन। राज्यका निकायमा बसेका पदाधिकारीले नागरिकलाई धम्की दिएको भए अर्को पाटो हुन्थ्यो। यहाँ त नागरिकले आक्रोश पोखेको देखिन्छ।'

मन्त्रीमाथि फोनबाट आक्रोश पोखेकै भरमा विद्युतीय अपराधसम्बन्धी कसुर र झुटा कुराको अफवाह फैलाएको कसुर पनि लगाउन आवश्यक नरहेको उनी बताउँछन्। 'कार्यकारी पदमा बसेका राज्यका पदाधिकारीमाथि नागरिकको आक्रोश त हुन्छ नै, जनताको आक्रोश सुन्न नसक्ने भए पदमा नबसे भइहाल्यो नि,' अधिवक्ता अर्यालले भने।

प्रधानमन्त्रीले संसद्मै भनेका थिए-
वीरगन्जमा कोलेरा आउटब्रेक, तीनजनाको निधन भएको, तर हैजाबाट मृत्यु भएको जानकारी मन्त्रीलाई गराउँदा 'अफवाह फैलाएको' कसुर

पर्सा प्रहरीका प्रवक्ता किशोर लम्सालका अनुसार खानेपानीमन्त्री प्रदीपकुमार यादवको सचिवालयबाट किरण साहविरुद्धको जोहरीमा उल्लेख भएको एउटा कसुर 'झुटा समाचार/अफवाह फैलाएको' भन्ने छ। 'हैजाले मान्छे मरेको भनेर भनेका छन्। तीनजना मरेको कुरालाई, हैजाले मरेको भनेर क्लियर छैन,' लम्सालले भने, 'आममानिसमा त्रास फैलाउने गरी धेरै मान्छे मरेको भनिएको छ। यसमा अनुसन्धान भइरहेको छ।'

किरण-मन्त्री यादव फोनवार्तामा किरणले 'वीरगन्जमे केतना आदमी मरगैल हैजा के बजसे ? (वीरगन्जमा हैजाले कति मान्छे मरे ?) भनेकी थिइन्। मन्त्री यादवले 'तथ्यांक छ ?' भनेर सोधेका छन्। किरणले डाटा ना, खुद घरके आदमी आइसियूमे भर्ती बाटे मन्त्रीजी, साफे नु, छोडेम ना, ज्यान मार देम, डर नैखे लागत। (तथ्यांक होइन, मेरो घरकै मान्छे आइसियूमा भर्ना छ, मन्त्रीजी। मैले छोड्दिनँ, मलाइ डर लाग्दैन) भनेकी थिइन्।

तर, वीरगन्जमा फैलिएको हैजाबाट तीनजनाको मृत्यु भएको जानकारी स्वयं प्रधानमन्त्री केपी ओलीले १३ भदौमा संसद् लाई दिएका थिए। चीन भ्रमणबारे जानकारी दिने क्रममा ओलीले हैजा नियन्त्रणका लागि मन्त्रिपरिषद्बाट भएका निर्णयबारे जानकारी दिने क्रममा हैजाबारे बताएका थिए। 'यति वेला वीरगन्जमा कोलेरा आउटब्रेक भएको छ। जसले गर्दा जनतामा भयको वातावरण, पीडा र क्षतिको पनि वातावरण बनिरहेको छ। अहिलेसम्म जम्मा ६२४ जनामा कोलेरा संक्रमण भइसकेको छ। जसमध्ये ४३७ जना स्वास्थ्य लाभ गरेर निको भइसक्नुभएको छ। अहिले पनि एक्टिभ केसहरू १८७ वटा छन्। गएको २४ घण्टामा ८४ वटा केसहरू थपिएका छन्। दुःखद कुरा यसबिचमा ३ जनाको निधनसमेत भएको छ,' उनले भनेका थिए।

तर, हैजाबाट मृत्यु भएको भनेर किरणले खानेपानीमन्त्रीलाई जानकारी गराउँदा भने अफवाह फैलाइएको कसुर आकर्षित गरिएको छ। 'मन्त्रीज्यूको सचिवालयबाट आएको जाहेरीका आधारमा तीनवटा कसुरमा अनुसन्धान भइरहेको छ। मन्त्रीज्यूलाई धम्की दिएको अडियो प्राप्त भइसकेको छ,' उनले भने, 'अनुसन्धान हुँदै जाँदा कुन-कुन कसुर आकर्षित हुन्छन्, त्यही आधारमा मुद्दा चल्छ। ठहर हुने/नहुने त अदालतबाट हो।'

शनिबारबाट प्रहरी हिरासतमा रहेकी किरणलाई मंगलबार अदालत उपस्थित गराइँदै छ। 'तीन दिन म्याद थप भएको थियो, मंगलबार फेरि म्याद थपका लागि अदालत लैजान्छौं,' उनले भने।

अनिवार्य अवकाशको...

पृष्ठ १ बाट क्रमशः

पनि मन्त्री न्यौपानेले मुख्यसचिव एकनारायण अर्यालसहित उच्चपदस्थ कर्मचारीको स्वार्थअनुसार सेवा अवधि एक वर्ष थपिने गरी नयाँ प्रस्ताव गरिन्। समितिले उनको प्रस्ताव अस्वीकार गरेपछि टुंगिसकेको विधेयक पनि अगाडि बढ्न सकेन। समिति सदस्यहरूले गरिसकेको निर्णय उल्ट्याउन नसकिने अडान लिएका छन् भने मन्त्री न्यौपानेले बैठक छल्न थालेकी छिन्।

समितिले शुक्रबार नै दफा ५८ मा अनिवार्य अवकाश उमेरबारे सहमति जुटाएर निर्णय गरिसकेको थियो। ऐन लागू भएको पहिलो वर्ष ५८, दोस्रो वर्ष ५९ र तेस्रोमा ६० वर्षमा अनिवार्य अवकाश हुने प्रतिनिधिसभाकै व्यवस्था समितिले सर्वसम्मत पारित गरेको थियो।

तर, शनिबारको समिति बैठकमा मन्त्री न्यौपानेले ऐन लागू भएको पहिलो वर्ष ५९ र दोस्रोदेखि ६० वर्षमा अवकाश हुने व्यवस्था गर्न प्रस्ताव गरिन्। राष्ट्रिय किताबखानाका अनुसार यस्तो प्रस्तावले यस वर्ष अवकाशमा जान लागेका मुख्यसचिव, सचिव, सहसचिव, उपसचिवसहित दुई हजार दुई सयभन्दा बढी कर्मचारीको सेवा अवधि एक वर्ष थपिनेछ।

मन्त्री न्यौपानेको प्रस्ताव चालू आवमा अवकाश पाउने मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू फणीन्द्र गौतम, केशवकुमार शर्मा, हरिप्रसाद लम्साल, रामप्रसाद घिमिरेलगायत दर्जनभन्दा बढी उच्चपदस्थ कर्मचारीको कार्यकाल एक वर्ष लम्ब्याउने योजनाअनुसार आएको छ। जसले राज्यकोषमा थप भार पर्ने समितिको तर्क छ।

शनिबारै समिति सदस्यहरूले अस्वीकार गरेको यो प्रस्ताव आइतबार पनि मन्त्री न्यौपानेले बैठकमा राखेकी थिइन्। सदस्यहरूले आफ्नो प्रस्ताव अस्वीकार गरेपछि मन्त्री न्यौपानेले निरन्तर समय मागेर समिति बैठक स्थगित गराउँदै आएकी छिन्। समिति सदस्यहरूले नमानेपछि थप गृहकार्य गर्न भन्दै समय मागेर उनले आइतबारको बैठक स्थगित गराइन्।

त्यसपछि सोमबार ११ बजेपछि बसेको बैठकमा यही विषयमा छलफल भयो। सोमबारको बैठकको सुरुवातमा मन्त्री न्यौपानेले विधेयक रूपान्तरित भएर ऐन लागू भएपछि पहिलो अवकाश उमेर ५९ वर्ष कायम गर्ने प्रस्ताव दोहोर्‍याइन्। विपक्षी दलहरूले सर्वसम्मत निर्णय भइसकेको विषयमा ब्याक हुन नसक्ने जवाफ दिए। तर, त्यहाँ पनि सहमति जुट्न सकेन। विपक्षी सांसदहरूले लोकतान्त्रिक प्रक्रियाबाट भोटिङमा जान चुनौती दिए। तर, अल्पमतमा रहेको सत्तापक्षले मानेन।

सहमति नभएपछि सुरुमा सभापति तुलसाकुमारी दहालले १५ मिनेटका लागि बैठक स्थगित गरिन्। करिब एक घण्टापछि पुनः बैठक बस्यो। तर, मन्त्री उपस्थित भइनन्। प्रतिपक्षीले आफूले भएको भएन भनेर मन्त्री बैठकमा नआउने भनेर प्रश्न उठाए। अनि सभापति दहालले मन्त्रीले समय मागेको भन्दै मंगलबार ९ बजेसम्मका लागि बैठक स्थगित गरिन्।

एकीकृत समाजवादीका उपाध्यक्ष बेदुराम भुसालले अब पछाडि फर्किन नसक्ने भन्दै लोकतान्त्रिक विधिबाट निर्णयमा पुग्न प्रस्ताव गरे। 'सरकारले प्रस्ताव गरेको विधेयक र प्रतिनिधिसभाले गरेको परिमार्जनलाई नै हामीले निर्णय गरेका हौं। तर, सरकारले निर्णय उल्ट्याउन खोज्यो। टुंगिएको विधेयक सरासर मन्त्रीको ढिपीले अड्काएको छ। हामी समाजवादी, माओवादी र जसपाले त सर्वसम्मत जे निर्णय गरिसक्या छौं, त्यही निर्णय लागू गरौं भनेका छौं,' उनले भने।

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१७

यस लालिगुराँस सा.व.उ.स. तीनपाटन गा.पा. १०, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई जिल्ला वन आपूर्ति समिति छुट्याईएकोमा समितिबाट पुन उपभोत्ता समितिलाई फिर्ता भएको साल गोलिया थान ९८ को ७७४.३० क्यूफिट काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री लालिगुराँस सा.व.उ.स., तीनपाटन गा.पा. १०, सिन्धुली

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१७

यस जल्पादेवी विजुवाथान सा.व.उ.स. तीनपाटन गा.पा. १०, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई जिल्ला वन आपूर्ति समिति छुट्याईएकोमा समितिबाट पुन उपभोत्ता समितिलाई फिर्ता भएको साल गोलिया थान ८७ को ७०३.६२ क्यूफिट काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री जल्पादेवी विजुवाथान सा.व.उ.स., तीनपाटन गा.पा. १०, सिन्धुली

बी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि.
वसुन्धरा, काठमाडौं, फोन नं. : ०१-४९८७०९४, ४९८७०९६
Email : hospitalbpsmriti@gmail.com, Web : www.bpsmritihospital.com.np

सूची दर्ता गर्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०८२/०५/१७

प्रस्तुत विषयमा यस बी.पी. स्मृति सामुदायिक सहकारी अस्पताल लि. का लागि आ.व.२०८२/८३ मा आवश्यक पर्ने दैनिक उपभोग्य सामानहरू र सेवाप्राप्तिका लागि सूचीमा दर्ता हुने इच्छुक इजाजतप्राप्त व्यक्ति, फर्म वा सेवाप्रदायक संस्थाले तपसिलमा उल्लेख भएका कागजको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र अस्पतालको प्रशासन शाखामा रीतपूर्वक निवेदन दर्ता गराउनहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विवरण :

१. कम्प्युटर मर्मत तथा सम्पूर्ण कार्य
२. विद्युतीय सामग्री, उपकरणसम्बन्धी
३. स्टेसनरी/मसलन्दसम्बन्धी
४. छपाइसम्बन्धी
५. कपडासम्बन्धी
६. धारापानी तथा ट्वाइलेट सामग्रीसम्बन्धी
७. खानेपानी/जारसम्बन्धी
९. सूचना/विज्ञापनसम्बन्धी
१०. मेडिकल अक्सिजन ग्याससम्बन्धी
११. मेडिकल/सर्जिकल उपभोग्य सामग्रीसम्बन्धी
१२. प्याथोलोजी केमिकलसम्बन्धी
१३. प्रयोगशाला उपभोग्य सामग्री
१४. सरसफाइ सामग्री, उपकरणसम्बन्धी
१५. गाडी मर्मत-सम्भार र उपकरणसम्बन्धी
१६. मेडिकल औजार उपकरण वार्षिक मर्मत-सम्भारसम्बन्धी
१७. लिफ्ट मर्मत-सम्भारसम्बन्धी
१८. एसी मर्मत-सम्भारसम्बन्धी
१९. जेनेरेटर मर्मत-सम्भारसम्बन्धी
२०. डिजिटल डिस्पेले बोर्ड मर्मत-सम्भारसम्बन्धी
२१. भौतिक पूर्वाधार तथा बिल्डिङ मर्मत-सम्भारसम्बन्धी
२२. रंगरोगन सामग्रीसम्बन्धी
२३. औषधि तथा औषधिजन्य सामग्रीसम्बन्धी

निवेदनका साथ पेस गर्नुपर्ने कागजातहरू

१. फर्म दर्ता/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आवश्यकताअनुसार व्यावसायिक इजाजतपत्रको प्रतिलिपि

विद्याको...

पृष्ठ १ बाट क्रमशः

पार्टी निर्णयप्रति असन्तुष्टि जनाउँदै भण्डारी पक्षका नेताहरूले फरक मत राख्न लागेका हुन्। मुख्यतः सदस्यताबाट कसैलाई पनि वञ्चित गर्न नपाइने विषय उठाउने विद्या पक्षधर नेताहरूको तयारी छ। विद्याको सदस्यता नवीकरण नगर्ने निर्णयपछि एमालेका नेता-कार्यकर्ता दुई ध्रुवमा विभाजित छन्। पार्टी अध्यक्ष ओली र विद्याबिच वाक युद्ध छ। संस्थापनको निषेधका बिच विद्याले सम्पर्क कार्यालय खोलेर सक्रियता बढाएकी छिन्।

विद्याको सदस्यता नवीकरण नगर्ने वेलामै केन्द्रीय कमिटी बैठकमा उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र युवराज ज्ञवाली तथा स्थायी समिति सदस्य कर्ण थापाले असहमति राखेका थिए। तर, एमालेले अन्तर पार्टी निर्देशन (अपानि)मा उक्त विषय उल्लेख नगरेपछि पाण्डे र ज्ञवालीले पार्टीमा छलफलको विषय बनाइयोस् भनेर हस्ताक्षरसहित निवेदन नै दिएका छन्। यसैलाई आधार बनाएर उनीहरूले विधान महाधिवेशनमा फरक मत राख्ने तयारी गरेका हुन्।

गत केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओलीले मौखिक निर्णय सुनाउँदा तत्कालै पाण्डे, ज्ञवाली र थापाले असहमति राखेका थिए। लगत्तै, लेखेर पनि दिएका थिए। 'हामीले तत्कालै बोलेर असहमति जनायौं। माइन्युट लेखन तथा बहस नोट लेखन टोलीलाई पनि यो हाम्रो फरक मत हो भनेर दियौं। तर, उक्त विषय अपानिमा सर्कुलर भएन,' पाण्डेले भने, 'त्यसपछि युवराज ज्ञवाली र मैले संयुक्त रूपमा सही गरेर पार्टीको छलफलको विषय बनाइयोस् भनेर प्रस्तुत गरेका छौं। स्वाभाविक रूपमा आउने विधान महाधिवेशनमा यो विषयमा हाम्रो प्रश्न हुनेछ।'

भिन्न मतलाई सम्बोधन गरे विमति नरहने र भिन्न मतलाई छाडेर अगाडि बढ्न खोजे लिखित दस्तावेज प्रस्तुत गर्ने तयारी विद्या पक्षको छ। 'नेतृत्वले भिन्न मत पनि स्वीकार गर्छु भनेपछि फरक मतमा जानुपरेन। तर, विमति सुनुवाइ नगरी पुरानै निर्णय पास गर्न खोजियो भने विधान महाधिवेशनमा विमति राख्ने काम हुन्छ,' पाण्डेले भने।

विद्यानिकट एक नेताका अनुसार वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय पाण्डे र ज्ञवालीले फरक मतसहितको दस्तावेजको मस्यौदा तयार पारेका छन्। विधि, प्रक्रिया र परम्परा मिचेर गरिएको निर्णय सच्याउन लाग्ने उक्त पक्षका नेताहरूको दाबी छ। जनताको बहुदलीय जनवाद (जबज)विपरीत पार्टीले निर्णय गर्न नहुने भन्दै उक्त समूहले विद्याको सदस्यता रोक्न नमिल्ने बताएको छ। भण्डारीको सदस्यता नवीकरण रोक्नु संविधानविपरीत हुने दाबीसमेत सो समूहको छ।

सेन्टर फर पब्लिक पोलिसी रिसर्चले राजधानीमा सोमबार आयोजना गरेको 'एमालेमा आन्तरिक लोकतन्त्र' विषयक अन्तरसंवाद कार्यक्रममा उपाध्यक्ष पाण्डेले भण्डारीको सदस्यता नवीकरण रोक्ने पार्टी निर्णय सच्चिने विश्वास व्यक्त गरे। 'नेपालको संविधानले कोही व्यक्तिलाई पार्टीमा काम नगर्न निषेध गरेको छैन। जस्तो राष्ट्रपतिलाई पनि कुनै पार्टीको सदस्य नहुनु भनेको छैन,' उनले भने।

पाण्डेले तीन अवस्थामा बाहेक कसैको सदस्यता नजाने दाबी गरे। उनले भने, 'निर्वाचित भएको पद, मनोनीत भएको पद र नियुक्ति भएको पद राष्ट्रपति भएपछि स्वतः जान्छ। निर्वाचित भनेको संसद्को सदस्य, कुनै पालिकाको मेयर वा वडासदस्य नै जितेको कसैलाई राष्ट्रपति वा उपराष्ट्रपति बनायौं भने त्यो पद स्वतः जान्छ। दोस्रो, मनोनीत गरेको पद, संसद्को सदस्य हुन योग्यता रहेको व्यक्ति मात्रै राष्ट्रपतिको उम्मेदवार हुन योग्य हुन्छ भनिएको छ। अहिले तीनजना राष्ट्रिय सभामा मनोनीत हुने व्यवस्था छ। कुनै मनोनीत राष्ट्रिय सभा सदस्य रहेछ भने त्यो पद पनि जान्छ। तेस्रो, कोही व्यक्ति मानौं, टियूको भिसी नियुक्ति भएको छ वा अरू कुनै ठाउँको नियुक्ति पाएको छ भने पनि राष्ट्रपति निर्वाचित भएपछि उसको पद स्वतः जान्छ। यी तीनवटा कुराबाहेक कुनै पार्टीमा लाग या नलाग भनेर संविधानले भनेको छैन।'

संविधानले नरोकेको विषयमा पार्टीले निर्णय गरेर वा विधान बनाएर रोक्न नमिल्ने पाण्डेको तर्क छ। 'पार्टीमा लाग्न संविधानले रोक्दैन। संविधानले नरोकेको व्यवस्थामा कुनै एउटा पार्टीले विधान बनाएर, निर्णय गरेर रोक्न मिल्छ ? या त यस्ता विषय संविधान, कानुनले रोकेको हुनुपर्थ्यो, त्यस्तो छैन,' पाण्डेले स्पष्ट पारे।

■ नेपाल प्रहरीको करिब डेढ अर्बको ठेक्कामा सेटिङ

फेरि पनि सीमित ठेकेदारलाई ठेक्का दिने तयारी

नयाँ पत्रिका

छानबिन समितिले देखाएका त्रुटिको 'आंशिक सुधार' गरेर मात्रै प्रहरी प्रधान कार्यालयले करिब डेढ अर्बबराबरको सामान खरिद प्रक्रिया अघि बढाएको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले त्रुटिहरू सच्याउन गरेको पत्राचारअनुसार नभई केही सीमित ठेकेदारलाई मात्र ठेक्का दिलाउने तयारी भइरहेको प्रहरी स्रोतले जनाएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले सच्याउन गरेको पत्राचारअनुसार नभई सीमित ठेकेदारलाई मात्र प्रतिस्पर्धा गर्न दिने गरी मुख्य विषयमा संशोधन नगरिएको प्रहरी स्रोतकै भनाइ छ। लत्ताकपडालगायत २५ प्रकारका सामान खरिदका लागि आह्वान गरिएको बोलपत्रमा त्रुटि देखिएको भन्दै अनुगमन कार्यालयले सच्याउन पत्राचार गरेको थियो।



नेपाल प्रहरीका प्रवक्ता **डिआइजी विनोद घिमिरे** भन्छन्- **२५ वटा सामान खरिदमा एक सय ४७ वटा आवेदन परेका छन्। प्राविधिक मूल्यांकनको काम भइरहेको छ, ऐन र नियमावलीअनुसार नै खरिद प्रक्रिया अघि बढेकाले यसमा विवाद छैन।**



प्रहरी महानिरीक्षक दीपक थापाले बुधबारदेखि अवकाश पाउँदै छन्। सरकारले १९ भदौदेखि कार्यभार सम्हाल्ने गरी चन्द्रकुवेर खापुङलाई आइजिपीमा नियुक्ति गर्ने निर्णय गरिसकेको छ। नयाँ प्रहरी महानिरीक्षक नियुक्ति भइसकेको अवस्थामा प्रहरी प्रधान कार्यालयले हतार-हतार प्राविधिक मूल्यांकनको काम अघि बढाएपछि प्रश्न उठेको छ।

नयाँ आइजिपीले कार्यभार नसम्हाल्दै प्रबन्ध शाखाका प्रहरीले प्राविधिक मूल्यांकन सकेर आफ्ना निकटस्थ कम्पनीलाई मात्र पास गराउने तयारी गरेका छन्। यसमा प्रबन्ध शाखाका इन्स्पेक्टर रुद्र गिरी मुख्य रूपमा खटिएका छन्।

सार्वजनिक खरिद अनुगमन कार्यालयले छानबिन समितिको प्रतिवेदनका आधारमा बोलपत्रमा आठवटा त्रुटि रहेको भन्दै सच्याउन भनेको थियो। बोलपत्रमा पछिल्लो तीन वर्षमा करोडौंका त्यस्तै किसिमका सामान आपूर्ति गरेको अनुभव चाहिने उल्लेख छ। जसअनुसार पछिल्लो तीन वर्षमा प्रहरीमा सामान आपूर्ति गरेकाबाहेक अरूले ठेक्का प्रतिस्पर्धामा भाग नै लिन नमिल्ने अवस्था बनेपछि मिलेमतो भएको भन्दै विभिन्न निकायमा उजुरी परेको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रारम्भिक जाँचबुझ गर्दा बोलपत्र पारदर्शी नभएकोजस्तो देखिएपछि छानबिन गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको थियो। अख्तियारले पनि हाल सो विषयमा थप अध्ययन गरिरहेको स्रोत बताउँछ।

प्रतिवेदनमा 'सार्वजनिक खरिद ऐन, नियमावली तथा यस कार्यालयको नमुना बोलपत्रसम्बन्धी कागजात प्रतिकूल नहुने र प्रतिस्पर्धालाई सीमित नगर्ने गरी, कार्यालयको माग/आवश्यकतासमेतलाई ध्यान दिई 'इस्पेसिफिक एक्सपिरियन्स' राख्दा बढीभन्दा बढी बिडर समेटिने गरी बनाउन उपयुक्त हुने,' भनेर सिफारिस गरिएको थियो।

संक्षेप

खोलामा अटो खस्दा बेपत्ता तीनमध्ये दुईजनाको शव फेला

धनगढी/ दार्चुलामा यात्रुवाहक अटोरिक्सा खोलामा खस्दा बेपत्ता भएका एकै परिवारका तीनमध्ये दुईजनाको शव फेला परेको छ। एकजनाको अवस्था सोमबार रातिसम्म अज्ञात छ। नौगाड गाउँपालिका- ६ डाँडाघर भएकी ११ वर्षीया आरुसा धामी र उनकी काकी १७ वर्षीया भागा धामीको शव फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आरुसाकी हजुरआमा ४८ वर्षीया चासुरीदेवी खोलामा बगेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक छत्रबहादुर रावतले बताए। प्रहरीका अनुसार पालिका केन्द्र होपरीगाडदेखि मसिनेबगरतर्फ जाँदै गरेको म१ह ११४८ नम्बर अटो नौगाड-५ सौकेबगरस्थित चिनेगौडा भिरबाट सोमबार दिउँसो नौगाड खोलामा खसेको थियो। किनारमाथि नजिकै रहेको बाटोको मोडमा स्टेरिङ जाम भएर अटो खोलामा खसेको बुझिएको प्रहरी निरीक्षक रावतले बताए। आरुसाको शव घटनास्थलबाट करिब एक किलोमिटर र भागाको शव करिब ६ किलोमिटर तल फेला परेको प्रहरीले जनाएको छ। बेपत्ताको खोजीका लागि सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली खटिएको छ।

सडक मर्मत गर्न भन्दै सुमोचालकसँग बन्दुक देखाएर असुली

खोटाङ/ कांग्रेस खोटाङका जिल्ला सदस्य श्यामकुमार राईले भरुवा बन्दुक देखाएर सडक मर्मत गर्न भन्दै पैसा मागेका छन्। उनले सोमबार बिहान दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ११ खार्मीमा यात्रुसहितको टाटा सुमोलाई बन्दुक देखाएर रोकेका हुन्। राईले दिक्तेलतर्फ आउँदै गरेको ना१ज ४३७२ नम्बरको सुमोलाई आफ्ने घरअगाडि बन्दुक तेर्स्याएर रोक्दै आफूहरूले सडक मर्मत गरेकाले सहयोग रकम माग गरेको चालक सविन तामाङले बताए। चालक तामाङलाई ताकेको भरुवा बन्दुक राईकै श्रीमती टीका राईलगायतले खोसेको सुमोमा सवार यात्रु दिलीप राईले बताए। कांग्रेस नेता राईले आइतबारसमेत आफूसँग पैसा मागेको चालक तामाङले बताए। नेता राईको अवरोधका बिच आइतबार काठमाडौं जाने यात्रुलाई समयमै दिक्तेल पुऱ्याउनुपर्ने भएकाले सुमो भगाएर गाउँ पार गराएको उनको भनाइ छ। सोमबार भएको घटनापछि बिचबाटोसम्म आफ्नो भाइलाई बोलाएर यात्रुसहितको सुमो दिक्तेल पठाएको तामाङले बताए। नेता राईले आइतबार अर्का सुमोचालक जीवन कार्कीबाट तीन हजार रुपैयाँ असुलेको यातायात व्यवसायीहरूले बताएका छन्। चालक तामाङकै पछिपछि आइरहेको ना१ज ८१६९ नम्बरको सुमोचालक कार्कीबाट राईले घरअगाडि रोकेर रकम लिएको बुझिएको छ।



अनुदानको मलमा विवादले उपप्रमुखको कार्यकक्षमा तालाबन्दी

लहान/ लामो खडेरीको कारणले समयमै रोपाइँ गर्न नपाएका किसानले ढिलै भए पनि जसोतसो रोपाइँ त गरे, तर मल हाल्नुपर्ने समयमा नगर उपप्रमुखले नै विवाद गर्न खोजेको भन्दै सिराहाको लहान नगरपालिकाका वडाध्यक्षहरूले उपप्रमुख रामचलितर महतोको कार्यकक्षमा तालाबन्दी गरेका छन्। पछिल्लो नगर कार्यपालिका बैठकबाट अनुदानको रासायनिक मल वितरणमा नगरप्रमुख र उपप्रमुखको छुट्टै कोटा निर्धारण खारेज गर्ने निर्णय भएको लहान- २४ का वडाध्यक्ष रासलाल रायले बताए। नगर कार्यपालिकाको सोहीबमोजिम स्थानीय तह मल वितरण व्यवस्थापन समितिका सदस्यसमेत रहेका प्रमुख प्रशासकीय अधिकृत र सदस्यसचिव कृषि शाखा प्रमुखले तयार गरेको कागजात उपप्रमुख महतोले च्यातेपछि वडाध्यक्षहरू उपप्रमुखको कार्यकक्षमा तालाबन्दी गर्न बाध्य भएको उनले बताए। 'दैनिक मलखादका लागि किसान वडामा धाउने, मल वितरण व्यवस्थापन समितिका संयोजकसमेत रहेका उपप्रमुखले कागजात नै च्यातिदिने, प्रशासकीय अधिकृतको कार्यकक्षमा तालाबन्दी गर्ने, अभद्र व्यवहार गर्न थालेपछि उहाँको कार्यकक्षमा तालाबन्दी गरेका हौं,' लहान- ६ का वडाध्यक्ष रमेश उपाध्यायले भने।

■ चीनमा ओली-पुटिन वार्ता

द्विपक्षीय सहकार्यमा जोड, रुसी सेनामा भर्ती भएका नेपालीबारे कुरै उठेन

पर्शुराम काफ्ले/नयाँ पत्रिका



प्रधानमन्त्री केपी ओली र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबिच सोमबार चीनको तियान्जिन महानगरमा द्विपक्षीय वार्ता भएको छ। सांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलनमा सहभागी हुन पुगेका दुई शीर्ष नेताबिच पहिलोपटक द्विपक्षीय वार्ता भएको हो। भेटमा व्यापार, लगानी, शिक्षा, संस्कृति, तथा हवाई कनेक्टिभिटीबारे छलफल भएको नेपाली राजदूतावासले जनाएको छ।

भेटवार्तामा दुई देशको सम्बन्ध र विशेष गरी तत्कालीन सोभियत संघका समयमा नेपाललाई भएको सहयोगको चर्चा भएको थियो। सन् १९९१ अघि सोभियत संघको समयमा पुटिन त्यहाँको गुप्तचर विभागका प्रमुख थिए। नेपाल र रुसबिच भविष्यमा भ्रमणको आदानप्रदान हुनुपर्नेमा दुवैको जोड थियो।

'हाम्रो छलफल नेपाल-रुस सम्बन्धलाई अझ सुदृढ गर्दै संस्कृति, व्यापार र लगानीका क्षेत्रमा पारस्परिक लाभदायक सहकार्य प्रवर्द्धन गर्ने विषयमा केन्द्रित रह्यो,' प्रधानमन्त्री ओलीले भेटपछि सामाजिक सञ्जाल एक्समा लेखेका छन्। रुसमा नेपाली विद्यार्थीलाई थप छात्रवृत्ति, काठमाडौं-मस्को सीधा हवाई उडान, नेपालका विभिन्न क्षेत्रमा लगानीका लागि रुसलाई प्रधानमन्त्रीले आग्रह गरेका थिए। उनले रुसी सेनामा भर्ती भएका नेपालीहरूको विषयमा केही पनि सार्वजनिक गरेका छैनन्। नेपाल र रुस दुवै पक्षले त्यसबारेमा छलफल भए-नभएको केही उल्लेख गरेको छैन।

भेटमा रुसी राष्ट्रपति पुटिनले सन् १९५६ मा दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापनायता कुनै पनि समस्या नभएको बताएका थिए। उनले आगामी वर्ष सम्बन्धको ७०औं वर्षगाँठ रहेको उनले स्मरण गराए। महत्त्वपूर्ण एजेन्डामा दुई देशबिच सहकार्य थप गहिरो र सुदृढ बनाउनुपर्ने पुटिनको भनाइ थियो।

ओलीले विगतमा दुई देशबिच सम्बन्ध गहन रहेको, तर अहिले सम्बन्धमा कमजोरी रहेको बताएका थिए। आफू दुईपटक रुस भ्रमणमा गए पनि रुसबाट उच्चस्तरीय भ्रमण नभएको ओलीको गुनासो थियो।

७१ नेपालीको मृत्युबारे मौन

रुसी सेनामा भर्ती भएका ७१ जना नेपालीको रुस-युक्रेन युद्धमा मृत्यु पुष्टि भइसकेको छ। पुष्टि हुन बाँकी ४१ जनाका परिवारको डिएनए परीक्षण गरेर नेपालबाट रुसमा विवरण पठाइएको छ। यसबारे दुई शीर्ष नेताबिच छलफल हुने अपेक्षा थियो। दुवै पक्षले यसबारे छलफल भएको उल्लेख गरेको छैन।

परराष्ट्रको कन्सुलर सेवा विभागका अनुसार हालसम्म ३४९ व्यक्तिका परिवारले रुसी सेनामा कार्यरत आफन्त खोजिदिन आग्रह गर्दै निवेदन दिएका छन्। थप ४० जना नेपाली बेपत्ता अवस्थामा छन्। उनीहरू सबै रुसी सेनामा भर्ती भएकाहरू हुन्। नेपालले विगतमा सन्धि भएअनुसार भारतीय र ब्रिटिस सेनामा बाहेक अन्य देशको सेनामा नागरिक भर्ती नगर्ने आफ्नो अडान राख्दै आएको छ।

रुस सरकारले पछिल्लोपटक नेपाली नागरिकलाई रुसी सेनामा भर्ना रोकेको छ भने कार्यरत रहेका नेपालीको करार नवीकरण पनि रोकेको छ । सरकारी तथ्यांकअनुसार युक्रेनी सेनाको हिरासतमा हालसम्म सातजना नेपाली छन्। तर, परिवारजनबाट प्राप्त विवरणअनुसार थप १० जना नेपाली युक्रेनी सेनाको बन्दीमा छन्।

■ एससिओको पूर्ण सदस्यमा नेपालको दाबी

नेपालले एससिओको पूर्ण सदस्यमा दाबी गरेको छ। प्रधानमन्त्री केपी ओलीले चीनको तियान्जिनमा आयोजित एससिओ सम्मेलनलाई सोमबार सम्बोधन गर्दै एससीओको मर्म र भावनामा ऐक्यबद्धता जनाए र नेपाललाई पूर्ण सदस्यता दिन अनुरोध गरे। चिनियाँ प्रधानमन्त्री सी जिनपिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसमेत उपस्थित सम्मेलनमा प्रधानमन्त्री ओलीले बहुपक्षीयता, क्षेत्रीय सहयोग समावेशी विकासलाई प्रवर्द्धन गर्न सबै मिलेर अघि बढ्नुपर्ने बताए।

'नेपालले सन् २०१६ देखि एससिओको संवाद साझेदार (डायलग पार्टनर)को रूपमा भूमिका निर्वाह गर्दै आएको छ। अब नेपाल एससिओको पूर्ण सदस्य बन्न इच्छुक छ र यहीअनुसार भूमिका निर्वाह गर्न चाहन्छ,' प्रधानमन्त्री ओलीले भने। एससिओमा सहकार्य सुदृढ गर्न नेपालले आफ्नो ठाउँमा भूमिका निर्वाह गर्ने पनि प्रधानमन्त्रीको भनाइ थियो।

'हामी यस्तो युगमा बाँचिरहेका छौं, जहाँ विज्ञान र प्रविधिमा ठुलो प्रगति भए पनि असमानता, द्वन्द्व र जलवायु संकटले त्यो प्रगतिलाई छायाँमा पारेको छ,' प्रधानमन्त्री ओलीले भने, 'अब संयुक्त राष्ट्रसंघलाई केन्द्रमा राखेर विश्व शासन प्रणालीलाई न्यायोचित, समावेशी र प्रभावकारी बनाउनु जरुरी छ।'



पुस्तकालय ऐनमा नागरिकको पहुँच सुनिश्चित गर्ने उपाय

३८ वर्षदेखि मन्त्रालयमा अलपत्र परेको पुस्तकालय विधेयकको मस्यौदामा समयानुकूल परिमार्जन र अद्यावधिक गरी ऐनको रूप दिन ढिलो भइसकेको छ



● डा. तोसिमा कार्की

अग्रलेख

नेपालमा अझै पनि पुस्तकालयको कानुनी आधार अधुरो छ। पुस्तकालय केवल पुस्तकहरूको भण्डारण मात्र नभई प्रत्येक नागरिकलाई शिक्षा, सूचना र ज्ञानमा समान पहुँच सुनिश्चित गर्ने आधारभूत संरचना पनि हो। नेपालको संविधानले शिक्षामा पहुँच र जानकारी प्राप्त गर्ने अधिकारलाई मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको भए पनि पुस्तकालयलाई संस्थागत गर्ने स्पष्ट ऐन भने अझै बनेको छैन। यही कारणले देशभरका धेरै पुस्तकालय अस्थायी पहलमै सीमित छन्। पुस्तकालय ऐन बनेपछि मात्र यसको स्थापना, सञ्चालन, बजेट र पहुँच कानुनी रूपमा सुनिश्चित हुनेछ। पुस्तकालयसम्बन्धी स्पष्ट कानुनी व्यवस्थाको अभाव रहँदै आएको छ। यही पृष्ठभूमिमा पुस्तकालय ऐनको आवश्यकता अत्यावश्यक मानिन्छ।

नेपालमा शिक्षाको गुणस्तर वृद्धि र ज्ञानसम्पन्न समाज निर्माणको बहस वर्षौंदेखि चल्दै आएको छ। तर, दुःखको विषय, यसका आधारभूत आधारशिलामध्ये एक पुस्तकालय अझैसम्म स्पष्ट ऐन र कानुनी संरचनाविना सञ्चालनमा छन्। पुस्तकालयसम्बन्धी ऐन नभएकै कारणले गर्दा देशभरका धेरै पुस्तकालय अव्यवस्थित, स्रोतसाधन अभावग्रस्त र दिगोपनविहीन अवस्थामा छन्। पुस्तकालय भनेको केवल किताब राख्ने ठाउँ मात्र होइन, ज्ञान, विचार र सिर्जनशीलताको केन्द्र पनि हो।

वैज्ञानिक दृष्टिकोणअनुसार जन्मपछि तीन वर्षको उमेरसम्म कुनै पनि बालकको मस्तिष्क वयस्क मस्तिष्कको लगभग ८० प्रतिशत आकारमा पुगेको हुन्छ र तीनदेखि पाँच वर्षसम्म बालबालिकाले सिकेका व्यावहारिक, नैतिक र सामाजिक शिक्षालगायत सिर्जनशील गतिविधिले उसको क्षमता र वृत्ति विकासमा दीर्घकालीन असर पुऱ्याउँछ। तसर्थ, बालबालिकालाई सानै उमेरदेखि पुस्तक पढ्ने, अध्ययन गर्ने र अनुसन्धानमा अग्रसर हुने बानी बसाल्न बाल पुस्तकालय बनाउन जरुरी छ, जसलाई पुस्तकालय ऐनले निर्दिष्ट गर्न सक्छ। बालबालिकाका लागि पुस्तकालय खेलमैत्री शिक्षालयजस्तै हुन्छ। जसले उनीहरूमा नियमित पढ्ने संस्कार बसाल्छ। विद्यार्थी र युवाका लागि पुस्तकालय अनुसन्धान प्रतिस्पर्धा र सिर्जनात्मकतामा अगाडि बढाउने माध्यम हो। नागरिकका लागि पुस्तकालय सूचना, चेतना र जीवनोपयोगी ज्ञान प्राप्त गर्ने सहज स्थल हो। तर, नेपालमा पुस्तक ज्यादै पढ्ने बानी भने अझै व्यापक बन्न सकेको छैन। विशेषगरी, बालबालिकाका लागि पृथक् बाल पुस्तकालय स्थापना र संरक्षण कानुनी रूपमै गर्न जरुरी छ। प्रारम्भिक उमेरमा नै पुस्तकसँग जोडिन पाउने वातावरणले बालबालिकामा अध्ययन संस्कार, सिर्जनशीलता र ज्ञानप्रतिको लगाव बढाउँछ, यसले संविधानमा प्रत्याभूत बाल अधिकारलाई व्यवहारमा उतार्ने आधार तय गर्छ।

नेपालमा पुस्तकालयको महत्त्व, आवश्यकता र औचित्यप्रति ध्यान गएको धेरै समय भइसके पनि विगत ३८ वर्षदेखि मन्त्रालयमा अलपत्र परेको पुस्तकालय विधेयक मस्यौदाले ऐनको रूप पाउन सकेको छैन। विडम्बना के छ भने विसं ०४४-४६ तिरै पुस्तकालय विधेयकसम्बन्धी मस्यौदा तयार पारियो, तर २०७२ सालमा आएको नेपालको संविधानको धारा ३१ ले दिएको शिक्षा प्राप्त गर्ने हक सुनिश्चित हुने गरी ऐन निर्माण हुन सकेको छैन। वास्तविकता के छ भने धेरै विद्यालय र क्याम्पसमा भवन त छन्, तर ती भवनमा पुस्तकालय छैनन्। किताबको अभाव छ। यो अवस्था विशेषगरी ग्रामीण क्षेत्रमा गहिरो छ। जहाँ सानो समुदायले पुस्तक र डिजिटल स्रोतको पहुँच पाउन मुस्किल छ। सहरका विद्यालय, क्याम्पसमा सानातिना पुस्तकालय त छन् तर भवन जीर्ण भइसकेका छन्। त्यहाँ बसेर पढ्न सक्ने स्वच्छ वातावरणको अभावसँगै स्रोत सीमित र अध्ययनका लागि उपयुक्त छैनन्। अहिले फेरि संसद् सचिवालयले पुस्तकालयसम्बन्धी विषयमा छलफल गरिरहेको छ, तर छलफल मात्रै गरेर पुग्दैन। अब भने सरकारले सरोकारवालासँग व्यापक छलफल गरी ०४६ को अधुरो मस्यौदालाई अध्यावधिक गर्दै कार्यान्वयनमा लैजानु अपरिहार्य छ।

कानुनी आधार तयार पारेर देशका प्रत्येक वडामा कम्तीमा एउटा समुदायमा आधारित (सामुदायिक) इ-पुस्तकालय अनिवार्य रूपमा स्थापना गर्नुपर्ने आवश्यकता छ। यसलाई वातावरणमैत्री, अपांगतामैत्री, सबै वर्ग र समुदायका लागि सहज पहुँचयोग्य बनाउनुपर्छ। साथै पुस्तकालयलाई स्तरोन्नति, गुणस्तर वृद्धि र आधुनिक प्रविधिसँगै आकर्षक बनाउने कार्य निरन्तर हुनुपर्छ। आजको पुस्ताले मोबाइल, टिकटक र फेसबुकजस्ता सामाजिक सञ्जालमा बढी समय खर्चिरहेको देखिन्छ। यदि पुस्तकालयलाई आधुनिक र जीवन्त बनाएर बालबालिकालाई त्यहाँ जान प्रेरित गरियो भने उनीहरूमा पढ्ने संस्कार बस्छ, सिर्जनात्मकता जाग्छ र सामाजिक सञ्जालमा मात्र रमाउने प्रवृत्ति पढ्ने, लेख्ने संस्कृतिमा रूपान्तरण हुन्छ। साथै पुस्तकालयमा नियमित जाने र अध्ययन गर्ने व्यक्तिलाई सम्मान वा पुरस्कार दिने व्यवस्था गरियो भने समाजमा पठन संस्कृतिको अझ मूल्य हुन्छ।

ज्ञान र शिक्षाविना कुनै पनि समाज प्रगतिशील हुन सक्दैन। त्यसैले, अब पुस्तकालयलाई कानुनी हैसियतले व्यवस्थित र दिगो रूपमा विकास गर्ने समय आएको छ। पुस्तकालयलाई बलियो बनाउन सक्नु भनेको देशलाई नै ज्ञान सम्पन्न, सचेत र प्रतिस्पर्धी बनाउन सक्नु हो। सार्वजनिक पुस्तकालय कुनै विलासी संरचना होइन, नागरिकलाई समान रूपमा शिक्षा र जानकारी उपलब्ध गराउने अधिकारको मेरुदण्ड हो। तर, कानुनी संरचना नहुँदा यसको दीर्घकालीन दिगोपना सुनिश्चित हुन सकेको छैन।



ऐनद्वारा पुस्तकालय स्थापना, सञ्चालन, पहुँच, बजेट व्यवस्थापन, गुणस्तरीय सेवाप्रदायक तथा संरक्षणसम्बन्धी मापदण्ड व्यवस्था गर्न सकिनेछ। यसरी व्यवस्था गरिएका प्रावधानले संघ, प्रदेश र स्थानीय तहबिचको भूमिकालाई स्पष्ट पार्नेछ र पुस्तकालय प्रणालीलाई दीर्घकालीन रूपमा संस्थागत तथा दिगो बनाउनेछ। यसबाट शिक्षा प्रणाली सुदृढ हुने, अनुसन्धान प्रवर्द्धन हुने र जीवनपर्यन्त सिकाइको अधिकार सुनिश्चित हुनेछ।

विशेषगरी, बालबालिकाका लागि पृथक् बाल पुस्तकालय स्थापना र संरक्षण कानुनी रूपमा नै गर्न जरुरी छ। प्रारम्भिक उमेरमै पुस्तकसँग जोडिन पाउने वातावरणले बालबालिकामा अध्ययन संस्कार, सिर्जनशीलता र ज्ञानप्रतिको लगाव बढाउँछ, यसले संविधानमा प्रत्याभूत बाल अधिकारलाई व्यवहारमा उतार्ने आधार तय गर्छ। अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्र संघ, युनेस्को तथा 'इन्टरनेसनल फेडरेसन अफ लाइब्रेरी एसोसिएसन एन्ड इन्स्टिच्युसन्स' (आइएफएलए) जस्ता संस्थाले पुस्तकालयलाई लोकतन्त्र, शान्ति र विकासको मेरुदण्डका रूपमा परिभाषित गरेका छन्। युनेस्को, 'पब्लिक लाइब्रेरी मेनिफेस्टो-१९९४'ले सार्वजनिक पुस्तकालयलाई नागरिकको सूचना पहुँच र सामाजिक समानता सुनिश्चित गर्ने माध्यमका रूपमा प्रत्याभूत गरेको छ। भारत, जापान, दक्षिण, कोरिया, श्रीलंका, चाइनालगायत मुलुकले पुस्तकालय ऐनमार्फत पुस्तकालय प्रणालीलाई कानुनी संरक्षण प्रदान गरी उल्लेखीय प्रगति हासिल गरिसकेका छन्। युनेस्को र आइएफएलएले सार्वजनिक तथा बाल पुस्तकालयलाई नागरिकको मौलिक अधिकारसँग जोडेको छ। भारत र दक्षिण कोरियाजस्ता मुलुकमा पुस्तकालय ऐनमार्फत बाल पुस्तकालयलाई प्राथमिकता दिइएको छ, जसले ती देशमा शिक्षा र अनुसन्धानलाई नयाँ उचाइमा पुऱ्याएको छ। नेपालले पनि सो अन्तर्राष्ट्रिय अभ्याससँग तादात्म्य राखी पुस्तकालय ऐन कार्यान्वयनमा ल्याउन अब ढिलाइ गर्न हुँदैन।

बालबालिकालाई सानै उमेरदेखि पुस्तक पढ्ने, अध्ययन गर्ने र अनुसन्धानमा अग्रसर हुने बानी बसाल्न बाल पुस्तकालय बनाउन जरुरी छ, जसलाई पुस्तकालय ऐनले निर्दिष्ट गर्न सक्छ

ऐनको प्रभाव शिक्षण, अनुसन्धान र सामाजिक विकासमा प्रत्यक्ष देखिन्छ। ऐन लागू भएपछि पुस्तकालय दिगो हुन्छन्, ज्ञान र डिजिटल स्रोत सबैका लागि उपलब्ध हुन्छन्, अनुसन्धान र विज्ञान प्रविधिमा प्रोत्साहन मिल्छ र ज्ञानको समान वितरण सुनिश्चित हुन्छ। यसरी पुस्तकालय ऐन कुनै साधारण ऐन नभई लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ गर्ने, नागरिकलाई जानकारी प्राप्त गर्ने अधिकार प्रत्याभूत गर्ने, डिजिटल स्रोत उपलब्ध गराउने र समाजलाई ज्ञानमा आधारित दिशातर्फ उन्मुख गराउने संवैधानिक आवश्यकता हो।

सुझावहरू : ०४६ मा तयार पारिएको पुस्तकालयसम्बन्धी मस्यौदा ऐतिहासिक रूपमा महत्त्वपूर्ण भए पनि त्यसले स्पष्ट कानुनी मार्गदर्शन वा कार्यान्वयनका लागि निर्देशिका प्रदान गर्न सकेन। त्यसकारणले मस्यौदा केवल कागजमै सीमित रह्यो। व्यवहारमा लागू हुन सकेन। अहिलेको सन्दर्भमा मस्यौदालाई अध्यावधिक मात्र नभई, निर्देशिका, मापदण्ड र कार्ययोजनासहित कार्यान्वयन गर्न सक्ने प्रावधान बनाइनुपर्छ। प्रख्यात अन्तर्राष्ट्रिय पुस्तकालयको अध्ययन गरेर नेपालमा लागू गर्न सकिने उत्कृष्ट अभ्यास अपनाउन सकिन्छ। विशेषगरी, डिजिटल पुस्तकालय, मोबाइल पुस्तकालय, सामुदायिक सार्वजनिक सहकार्य मोडेल र प्रविधिमैत्री सेवालाई नेपालको प्रणालीमा समावेश गरिनुपर्छ। प्रत्येक विद्यालयमा पुस्तकालय स्थापना गर्नुपर्ने कानुनी व्यवस्था अनिवार्य गर्नुपर्छ। विद्यार्थी र शिक्षकलाई निरन्तर पठन संस्कृतिमा जोड्ने 'रिडिङ कल्चर प्रमोसन प्रोग्राम' सञ्चालन गरिनुपर्छ। पढिसकेका पुस्तक सामुदायिक पुस्तकालयमा उपलब्ध गराउने संस्कृति निर्माण गरिनुपर्छ।

'एक विद्यार्थी : एक पुस्तक, सामुदायिक पुस्तकालयलाई पुस्तकदान अभियान' सञ्चालन गर्न सकिन्छ। यसले ग्रामीण, दुर्गम र विपन्न समुदायलाई ज्ञानमा सहज पहुँच दिलाउँछ। पुस्तकालयलाई केवल पुस्तक राख्ने ठाउँ मात्र नभई साक्षरता, अनुसन्धान र जीवनपर्यन्त शिक्षाको केन्द्र बनाउन स्थानीय तह, समुदाय, स्वयंसेवी संस्था र सरकारबिच सहकार्य आवश्यक छ। ०४६ को मस्यौदाले दिशानिर्देश गर्न नसकेको कमजोरी सुधार्दै अहिलेको आवश्यकताअनुसार कार्यान्वयनयोग्य नीति बनाउनुपर्नेमा जोड दिनुपर्ने वेला आएको छ।

पुस्तकालय एउटा भवन मात्र होइन, ज्ञान, शिक्षा र चेतनाको केन्द्र पनि हो। जसरी दीपले अन्धकार हटाउँछ, त्यस्तैगरी पुस्तकालयले अज्ञानको अन्धकार हटाएर समाजलाई उज्यालोतर्फ डोऱ्याउँछ। नेपालमा पनि शिक्षाको पहुँच विस्तार, पठन संस्कृतिको विकास र ज्ञानमा आधारित समाज निर्माणमा पुस्तकालयको भूमिका अपरिहार्य हुन्छ। तर, दुःखको कुरा, आज पनि धेरै विद्यालयमा आधारभूत पुस्तकालय सुविधा छैनन्, सार्वजनिक पुस्तकालय पर्याप्त छैनन्। भएका पुस्तकालय पनि पर्याप्त पुस्तक र प्रविधियुक्त सेवाबाट वञ्चित छन्। पुस्तकालयमा काम गर्ने कर्मचारीलाई तलब खुवाउन सकिने अवस्था छैन।

यस अवस्थामा हामीले निम्न संकल्प लिनुपर्ने वेला आएको छ : प्रत्येक विद्यालय तथा शिक्षण संस्थामा पुस्तकालयलाई अतिरिक्त सुविधाका रूपमा नभई अनिवार्य पूर्वाधारका रूपमा स्थापना गर्नुपर्छ। सार्वजनिक तथा सामुदायिक पुस्तकालयलाई वातावरणमैत्री, अध्ययनमैत्री, अपांगतामैत्री बनाउँदै आधुनिक सूचना प्रविधिसँग जोडेर पुस्तकालयको उचित गुणस्तरीय मापदण्ड कायम गर्नुपर्छ। पुस्तक पढ्ने बानीलाई राष्ट्रव्यापी अभियानका रूपमा अघि बढाउनुपर्छ। नियमित पुस्तकालय उपयोग गर्ने, पढ्ने र अनुसन्धानमा अग्रसर हुनेलाई प्रशंसा र सम्मानको व्यवस्था गरी प्रत्येक नागरिकलाई पुस्तकालयको प्रयोग र अध्ययनप्रति प्रोत्साहन गर्नुपर्छ। युवा, बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति आदि समुदायका सबै वर्गलाई पुस्तकालयसँग जोडेर समग्रमा ज्ञान र क्षमताको विकास गर्नुपर्छ।

---

३ प्रश्न

कृषिविज्ञ
कृष्णप्रसाद पौडेललाई



दुग्ध किसानको दुई अर्बभन्दा बढी रकम कसरी बक्यौता रह्यो ?

संसारमै सबैभन्दा हेपिने, छेउ पर्ने मान्छे किसान नै हुन्। मजदुरहरूको ट्रेड युनियन हुन्छ। त्यसैले उनीहरू शक्तिशाली हुन्छन्। उनीहरूले मेसिन चलाइदिएनन् भने उद्योग ठप्प हुन्छ। यातायात मजदुरले दुई-चारवटा गाडी सडकमा तेर्स्याइदिए भने सडक ठप्प हुन्छ। तर, असंगठित क्षेत्र भएकाले किसानले आफ्नो अधिकारका लागि आन्दोलन गर्न सक्दैनन्। उनीहरूले आफ्नो उत्पादनको मूल्य आफैं तोक्नसमेत पाउँदैनन्। प्राकृतिक उत्पादनका कारण लामो समयसम्म सुरक्षित नहुने भएकाले आफ्नो उत्पादन बिक्रीका लागि किसान बिचौलियाको शरणमा नपरी सुखै छैन। जुनसुकै कृषि उपजका उत्पादक भए पनि जताबाट पनि ठगिने किसान नै हुन्। बिहान ४ बजेदेखि राति ११-१२ बजेसम्म कृषिकर्ममै व्यस्त हुने वास्तविक किसानको प्रतिनिधित्व उनीहरूका नाममा खुलेका विभिन्न संघ, संगठनमा छैन। संगठनमा प्रतिनिधित्व गर्नेहरूले पनि किसानका पक्षमा विवेक पुऱ्याइदिएनन्। जसले गर्दा किसानका उत्पादनको बक्यौता थपिँदै गयो र त्यो अर्बौंको आँकडामा पुग्यो।

आफूले बेचेको दुधको बक्यौता उठाउन यति ठूलो सकस किन भइरहेको होला ?

सरकारी तथा निजी डेरी व्यवसायीले आफ्ना उत्पादन स्टक रहेको बहानामा किसानको दुधको मूल्य भुक्तानी गरिरहेका छैनन्। बिचौलियाले यही बक्यौता देखाएर राज्य र व्यवसायीलाई तर्साउने काम गर्दै आएका छन्। उनीहरूले किसानको हितमा भन्दा आफ्नो स्वार्थअनुसार किसानका मुद्दालाई बल्झाउने या अल्झाउने गर्दै आएका छन्। यसैले गर्दा बक्यौता उठाउन सकस भइरहेको हो।

बारम्बार बल्झिरहने यो समस्याको समाधान केही छैन ?

राज्य सञ्चालकको मति सुध्रिएन भने यो समस्याको समाधान निस्किन कठिन छ। सरकार चलाउनेहरूले बिचौलियाको स्वार्थ नहेरी वास्तविक किसानको समस्या हेर्न थालेको दिन यसको समाधान निस्किन्छ।

प्रेरक प्रसंग

पिता-पुत्रको संवाद

स्कुल छुट्टी भयो। सबै बालबालिका हाँस्दै, खेल्दै, दौडँदै, उफ्रँदै स्कुलबाट निस्किए। गेटनजिकै एकजना मानिस सडक किनारमा सुतिरहेका थिए। कसैले उनीमाथि ध्यान दिएनन्। सबै बालबालिका आआफ्नै धुनमा घरतिर लागे।

तिनैमध्ये एक बालकले ती मानिसलाई देखे। सडक किनारमा त्यसरी सुतिरहेको देख्दा उनलाई अचम्म लाग्यो। उनी तिनको नजिकै गए। उनी बिरामी थिए। उनले बालकसित पानी मागे। बालकले नजिकैको घरबाट पानी ल्याइदिए। बिरामीले पानी पिए र पुनः पहिलेजस्तै सुते। बालक पानीको भाँडो फिर्ता गरेर खेल्न गए।

साँझ ती बालक घर फर्किए। घरमा उनका पिता एक सज्जनसित कुराकानी गर्दै थिए। सज्जन भन्दै थिए- आज अपराह्न स्कुलबाहिरको सडकमा एक बिरामीको मृत्यु भएछ। सज्जनको कुरा सुनेपछि बालक झसंग भए। उनी पिताको नजिकै गए र भने- बाबा, सडकमा मृत्यु भएको भनेको मान्छेलाई आज मैले भेटेको थिएँ। उनी बिरामी भएर सडकमा सुतिरहेका थिए। उनले मसँग पानी मागे। मैले नजिकैको घरबाट पानी ल्याएर खुवाएँ।

बालकका पिताले सोधे- पानी खुवाएपछि तिमीले के गऱ्यौ ? बालकले भने- त्यसपछि म खेल्न गएँ।

बालकका पिता गम्भीर भए र भने- तिमीले बिरामीलाई पानी खुवाएर निकै राम्रो काम गऱ्यौ। तर, एउटा बिरामीलाई बाटामा त्यत्तिकै छाडिदिएर ठूलो गल्ती गऱ्यौ। तिमीले उसलाई किन अस्पताल पुऱ्याएनौ ?

पिताको प्रश्नले बालक अक्कनबक्क परे। उनले डराईडराई प्रश्न गरे- म एक्लैले उनलाई कसरी अस्पताल पुऱ्याउन सक्थेँ र ? पिताले भने- हो, तिमी एक्लैले केही गर्न सक्दैनथ्यौ। तर, स्कुलमा फर्केर गुरुहरूलाई यसबारे खबर गर्न सक्थ्यौ। घर आएर मलाई नै भनेको भए पनि म केही व्यवस्था मिलाउन सक्थेँ। हेर, कोही असहायलाई देखेर पनि उसलाई सहयोग नगर्नु पशुता हो। अबदेखि तिमीले कुनै रोगी, घाइते या दुःखीलाई भेट्यौ भने सक्दो सहायता गर्न नभुल्नू है ! बालकले हुन्छ भन्दै मुन्टो हल्लाए।

अनिश्चितताबिच सम्पन्न एससिओ सम्मेलनको सन्देश

ट्रम्पको भन्सार शुल्कले सिर्जना गरेको अनिश्चितताबिच एससिओ शिखर सम्मेलनमार्फत चीन स्थिरता प्रदायक शक्तिका रूपमा प्रस्तुत भएको छ



देश / विदेश

● प्रियंका शंकर

गत वर्षको जुलाईमा आयोजित 'सांघाई को-अपरेसन अर्गनाइजेसन (एससिओ)' शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री अनुपस्थित भए। एससिओका प्रमुख सदस्यमध्ये एक नेता नरेन्द्र मोदीले संसद्को सत्रका कारण समूहको शिखर सम्मेलनमा भाग लिन नसकेको बताएका थिए। तर, एक वर्षमै भूराजनीतिक परिदृश्य धेरै फेरिएको छ। चीनमा आइतबारदेखि आयोजना हुन लागेको एससिओको वार्षिक शिखर सम्मेलनमा मोदी सहभागी भए।

सम्मेलनमा भाग लिने क्रममा मोदीले सन् २०१८ पछि पहिलोपटक चिनियाँ भूमि टेके। मोदीको भ्रमणका लागि गत वर्षको अन्त्यदेखि चीनसँग सुधार हुँदै गएको सम्बन्धले मात्र भूमिका खेलेको छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय सामानमा लगाएको ५० प्रतिशत भन्सारले पनि भ्रमणलाई प्रेरित गऱ्यो। अमेरिकाको कठोर व्यवहारले नयाँदिल्लीलाई बेइजिङलगायत युरेसियाका अन्य खेलाडीसँग बलियो साझेदारी खोज्न बाध्य पारेको छ। ट्रम्पले विश्वका अधिकांश देशमाथि उच्च भन्सार शुल्कमार्फत डरको माहोल सिर्जना गराएको समयमा सम्पन्न एससिओ सम्मेलनले थप महत्त्व पायो। विश्लेषकले सम्मेलनले सीलाई आफ्नो देशमा स्थिरता दिने शक्तिका रूपमा प्रस्तुत गर्ने प्लेटफार्म दिएको बताएका छन्। चीनसामु एससिओलाई पश्चिम, अझ विशेषतः अमेरिकालाई सन्तुलनमा राख्ने 'ग्लोबल साउथ' समूहका रूपमा प्रस्तुत गर्ने अवसर छ।

सम्मेलनका लागि बोहाई समुद्री किनारस्थित उत्तरी चिनियाँ सहर तियानजिन चुनिएको थियो। चीनका सहायक विदेशमन्त्री लिउ बिनले पत्रकारलाई बताएअनुसार शिखर सम्मेलनमा २० भन्दा बढी विदेशी नेता र १० अन्तर्राष्ट्रिय संस्थाका प्रमुख भेला भएका थिए। एससिओ सन् १९९६ मा 'सांघाई पाँच' नाममा सुरक्षा समूहका रूपमा सुरु भएको थियो। शीतयुद्धको अन्त्य र सोभियत संघको पतनपछि मध्य-एसियाली देश, रुस र चीनले आफ्ना सीमा विवाद समाधान गर्न चीन, रुस, काजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तानले यसको गठन गरेका थिए। जुन २००१ मा उज्बेकिस्तान थपिएसँगै समूह एससिओका रूपमा विकसित भयो। संस्थाको मुख्यालय बेइजिङमा खुल्यो। सन् २०१७ मा समूहमा भारत र पाकिस्तान पनि थपिएपछि थप विस्तारित भयो। सन् २०२३ मा इरान र लगत्तैको वर्ष बेलारुस समूहका पूर्ण सदस्यका रूपमा थपिए। यसका साथै, अहिले एससिओमा साउदी अरेबिया, इजिप्ट, टर्किए, म्यानमार, श्रीलंका र कम्बोडियासहित १४ प्रमुख संवाद साझेदार छन्। एससिओले विश्वको जनसंख्याको ४३ प्रतिशत र विश्वव्यापी अर्थतन्त्रको २३ प्रतिशत हिस्सा ओगट्छ। सुरुमा क्षेत्रीय सुरक्षामा केन्द्रित भएर देखा परे पनि विकासोन्मुख देशका व्यापार र अन्य सरोकारमा पनि छलफल गर्ने गरी यसको म्यान्डेट विस्तार गरिएको छ। म्यान्डेट विस्तारसँगै एससिओ र ब्रिक्सको क्षेत्राधिकार लगभग एउटै भएको हो कि भन्ने बहसलाई पनि जन्म दिएको छ। यसैकारण एससिओ 'अझै पनि पहिचान खोजीमा रहेको संस्था' रहेको केही विज्ञ औंल्याउँछन्।

समूहका सदस्य प्रायः प्रमुख भूराजनीतिक मुद्दामा साझा सहमति कायम गर्न असमर्थ हुने गरेको देखिन्छ। उदाहरणका लागि युक्रेनमा रुसले चलाइरहेको युद्धलाई लिएर मस्कोले अधिकांश एससिओ सदस्यलाई आफ्नो हितअनुकूल गर्ने प्रयास गरेको थियो। तर, भारतले अझै सन्तुलित भूमिका खेल्ने प्रयास गरेको छ। उसले युक्रेनमा शान्तिको आह्वान गर्दै रुससँग बलियो सम्बन्ध अघि बढाइरहेको छ। एससिओ प्लेटफर्ममा देशहरू फरक-फरक कारणले सदस्य छन्। मध्यएसियाली देश आफ्नो सुरक्षा चिन्ता सम्बोधन गर्न र चीनसँग आर्थिक संलग्नता बढाउन यसको सदस्य भएका हुन् भने भारतका लागि


फोटो : एएफपी

यस क्षेत्रमा आतंकवादलाई सम्बोधन गर्नु महत्त्वपूर्ण देखिन्छ। राष्ट्रपति ट्रम्पले प्रायः एससिओजस्ता 'ग्लोबल साउथ'का संगठनको आलोचना गर्दै आएका छन्। विगतमा उनले ब्रिक्सलाई 'अमेरिकाविरोधी' संगठन भन्दै यसका सदस्यविरुद्ध अलग करको दर लगाउने धम्की दिएका थिए। एससिओ शिखर सम्मेलनलाई अमेरिकाले नजिकबाट हेर्ने बताएको छ। यही सम्मेलनमा भएका निर्णयका आधारमा अमेरिकाले यसै वर्ष भारतमा हुने 'क्वाड' शिखर सम्मेलनको 'शैली' तय गर्न सक्छ। एसिया प्रशान्त क्षेत्रमा चीनको बढ्दो विश्वव्यापी प्रभावको सामना गर्न सन् २००७ मा भारत, जापान, अस्ट्रेलिया र अमेरिकाले 'क्वाड' वा 'क्वाड्रिलेटरल सेक्युरिटी डायलग' नामक सुरक्षा संवाद प्लाटफर्म स्थापना गरेका थिए।

बेइजिङको उदयप्रतिको साझा चिन्ताका कारण विगत २५ वर्षको अवधिमा भारत अमेरिका र यसका सहयोगीसँग नजिक भएको देखिन्थ्यो। तर, वासिंटनले नयाँदिल्लीमाथि ५० प्रतिशत भन्सार शुल्क लगाएपछि सम्बन्ध चिसिएको छ। यसै परिप्रेक्ष्यमा अमेरिकाले सोमबार तियान्जिनमा भएको मोदी-सीबिचको भेटवार्तालाई नजिकबाट हेरेको हुनुपर्छ। अमेरिकाको नजर विशेषतः भारत-चीनबिचको अन्तर्क्रियामा हुनुको कारण पछिल्लो समय दुई देशले द्विपक्षीय तनाव समाधान गर्ने प्रयास गरिरहेका छन्। तिनले एससिओ सम्मेलनलाई पनि त्यसैका लागि उपयोग गरे। भारतमाथि अमेरिकाले उच्च भन्सार दर लगाएको र भारतमा वर्षको अन्त्यमा क्वाड शिखर सम्मेलन हुन लागेको परिदृश्यमा मोदी एससिओ सम्मेलनमा सन्तुलन कायम गर्नुपर्ने दबाबमा थिए।

तथापि, केही विज्ञले भने भन्सार वृद्धिकै कारण भारत-अमेरिका सम्बन्ध टुटेको निष्कर्षमा पुग्नु गलत हुने राय राखिरहेका छन्। अमेरिका र भारत परिपक्व अर्थतन्त्र भएकाले भन्सार तनावका बाबजुद उनीहरूबिच धेरै मोर्चामा घनिष्ठ सम्बन्ध रहेको तिनले औंल्याउने गरेका छन्। यस्तोमा अमेरिकाले भारतमाथि मात्र होइन, पाकिस्तान, इरान र वास्तवमा रुस र चीनले एससिओ शिखर सम्मेलनमा प्रमुख भूराजनीतिक मुद्दा र व्यापार सम्बन्धमा कसरी एक-आपसमा अन्तर्क्रिया गर्छन् भनेर नजर राख्ने तिनको विचार छ।

(शंकर आप्रवासन, मानव अधिकार र युरोपको एसियासँगको सम्बन्धबारे लेख्ने फ्रिलान्सर पत्रकार हुन्)

- अल जजिराबाट

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बोलेर मात्र हुँदैन गृहमन्त्रीज्यू !

गृहमन्त्री रमेश लेखकले कालापानी, लिपुलेक नेपालकै भएको दाबी गरेछन्। नेपालमा बसेर नेपाली जनतासामु दाबी गरेर के हुन्छ ? के नेपालको भूमि नेपाली जनताले हडपेका छन् र ? जसले हडपेको छ, उसैसित भन्न सक्नुपऱ्यो। आफ्नो भूमिमा आफू छिर्न सक्नुपऱ्यो। नत्र, यसरी बोलेर मात्र के हुन्छ गृहमन्त्रीज्यू ?

● **सलिना परियार,** गैरीगाउँ, काठमाडौं

नेपाली जनतालाई सुनाएर देशभक्त बन्न जरुरी छैन, गृहमन्त्रीज्यू ! आफैं सरकारका गृहमन्त्री, मिडियाबाजी मात्रले केही लछारपाटो लाउँदैन। लिपुलेक, लिम्पियाधुरा हाम्रो हो भनेर त सबै जनताले भनेकै छन्। त्यसलाई कार्यान्वयन गरेर देखाउने काम सरकारको हो।

● **भगवान घिमिरे**

हाम्रो हो भन्नुहुन्छ र हिक्मत छ भने कालापानी, लिपुलेकको हाम्रो आकाशमाथि हाम्रो देशको हेलिकोप्टर उडाएर देखाउनुस् त ! छ हिक्मत ? तपाईंले भन्नैपर्दैन। सारा नेपालीले भन्दै छन् त नेपालकै हो भनेर। लालपुर्जा आफ्नो हातमा छ, जग्गा सबै छिमेकीले जोतेर खायो। लालपुर्जा समातेर मेरो, मेरो भन्या छ, घरभित्र बस्या छ, सरकारको मन्त्री भएको मान्छे ? जानुहोस् र कालापानी, लिपुलेकमा भारतले बनाएको बाटो भत्काइदिनुस्। भत्काइदिनुस् पुल। त्यहाँका जनतालाई रासन, पानी, औषधि नेपाली हेलिकोप्टरले काठमाडौंबाट बोकेर पुऱ्याउनुहोस्। नेपाली सैनिक ब्यारेक राख्नुहोस्। प्रहरी चौकी, वडा कार्यालय राख्नुहोस्। कालापानी, लिपुलेकमा नेपाल सरकारको उपस्थिति देखाउनुस्। सक्नुहुन्न भने हाम्रो नेपालको भन्न छोडिदिनुस्। त्यहाँका जनतालाई ढुक्कले चैनसित भारतीय नुन, तेल र औषधि खाएर सुत्न दिनुहोस्।

● **लोकनाथ शर्मा**

लोकप्रियताका लागि काठमाडौंको गृह मन्त्रालयमा बसेर बोल्दैमा काम छैन। लिपुलेकका जनतासँग गएर बुझ्नुहोस्, उनीहरूको पीडा के छ, भारतसँग कूटनीतिक पहल गर्नुहोस् अनि सीमामा आफ्ना सेना परिचालन गर्नुहोस्।

● **राज प्रेमी**

बोलिदिए पुग्यो। गृहमन्त्री नै आफैं भएपछि यति बोल्नुभन्दा पहिले त्यहाँ लगेर इलाका प्रहरी चौकी राखिदनु, बोर्डर सुरक्षामा सशस्त्र प्रहरीको एउटा क्याम्प राख्नू। गफको भरमा मिडियामा लेख्न लगाउँदै जनता ढाँटेर कहिलेसम्म चल्छ ? यसअघि त्यहाँ स्थानीय चुनाव किन गरिएन ?

● **हरि दाहाल**

आफू मात्र प्रस्ट हुने हो र ? दुई छिमेकी देशलाई प्रस्ट पार्न पर्दैन ? कालापानी, लिपुलेक, हाम्रो हो भनेर त आमनेपाली जनतालाई थाहै छ नि होइन र ? मिडियामा आएर हल्ला गर्ने होइन, त्यहाँ गएर यो भूमि नेपालकै हो भनेर किल्ला गाड्न सक्नुपऱ्यो। त्यहाँका आफ्ना नेपाली जनतालाई आफ्नो भूमिबाट खुला रूपमा आवतजावत गर्ने बाटो र वातावरण बनाउनुपऱ्यो अनि मात्रै हाम्रो हो भन्नू। होइन भने मिडियामा आएर प्यारप्यार गर्नुको काम छैन। त्यहाँका जनता कसरी बसेका छन्, कहाँबाट ल्याएर खान्छन्, कति दुःखकष्ट छ, हेर्ने पनि गर्नू।

● **साजन बस्नेत**

बाटो बनाऔं, बिजुली पुऱ्याऔं, सुरक्षा पोस्ट राखौं, टेलिफोन टावर राखौं, स्वास्थ्य चौकी राखौं अनि हाम्रो भनौं है !

● **प्रदीप राई**

बेचेर खाइदिएको फेरि भन्छौ हाम्रो हो। मन्त्री साहब, एकचोटि त्यहाँ गएर इन्डियन आर्मीलाई भन्नु कि यो हाम्रो भूमि हो, तिमीहरू यहाँबाट भाग। अनि थाहा हुन्छ कि जमिन कसको हो ?

● **रामबाबु राउत**

महाकाली सन्धि गर्ने देउवाजीले यही कुरा साइन गर्नुभन्दा पहिला किन ध्यान दिनुभएन ? नदीको उद्गम बिन्दुविना कसरी स्रोत बाँडफाँड गरी सन्धि गरियो ?

● **प्रकाशदत्त सुवेदी**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अफगानिस्तानमा भूकम्प, कम्तीमा आठ सयको मृत्यु



काबुल/ दक्षिणपूर्वी अफगानिस्तानमा आएको भूकम्पमा आठ सयभन्दा बढीको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन्। भूकम्पबाट २८ सयभन्दा बढी घाइते भएका छन्। स्थानीय समयअनुसार आइतबार राति ११:४७ बजे ६ म्याग्निच्युडको भूकम्प आएको थियो। अफगानिस्तानको पूर्वी सहर जलालाबाद र नान्गारहार प्रान्तको राजधानीनजिकै भूकम्पको केन्द्रबिन्दु रहेको थियो। छिमेकी पाकिस्तान र भारतसहित अन्य दक्षिण एसियाली देशमा पनि भूकम्पको धक्का महसुस गरिएको थियो।

भूकम्पले नान्गरहार र छिमेकी प्रान्त कुनारका धेरै क्षेत्रलाई प्रभावित पारेको छ। भूकम्पबाट नान्गरहार र कुनारका तीन गाउँ पूर्ण रूपमा ध्वस्त भएका छन्। दुवै प्रान्त पाकिस्तानसँगको सिमानामा पर्छन्। ६०० भन्दा बढीको मृत्यु भएको कुनार हिन्दुकुश पर्वत शृंखलामा पर्छ भने नान्गरहार यसको दक्षिणमा अवस्थित छ।


तालिबान सरकारले प्रभावितलाई 'व्यापक र पूर्ण सहयोग' प्रदान गर्न सुरक्षा, स्वास्थ्य, यातायात र खानालगायत अन्य क्षेत्रसँग सम्बन्धित धेरै टोली परिचालन गरेको छ। घाइतेलाई उद्धार गर्न कम्तीमा ४० उडान गरिएका छन्। अफगानिस्तान विनाशकारी भूकम्पको जोखिममा छ।

'युक्रेन युद्ध अन्त्यबारे ट्रम्पसँग सहमति भएको छ'

मस्को/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत महिना अलास्कामा भएको बैठकमा युक्रेन युद्ध अन्त्यबारे अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग 'समझदारी' भएको बताएका छन्। तर, उनले ट्रम्पले मध्यस्थता गर्ने युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग शान्ति वार्तामा सहमत हुने कि नहुने भन्ने बताएनन्। चीनमा भएको सांघाई शिखर सम्मेलनमा पुटिनले युक्रेनमा आक्रमण गर्ने आफ्नो निर्णयको बचाउ गर्दै फेरि एकपटक युद्धका लागि पश्चिमा देशलाई दोष दिए। अलास्का बैठकपछि अमेरिकी विशेष दूत स्टिव विटकफले पुटिनले शान्ति सम्झौताको अंशको रूपमा युक्रेनको लागि सुरक्षा ग्यारेन्टीमा सहमति जनाएका छन्, यद्यपि मस्कोले अझै यसको पुष्टि गरेको छैन। जारी संकट युक्रेनमा रुसी आक्रमणबाट उत्पन्न नभई युक्रेनमा भएको विद्रोहको परिणाम भएको भन्दै युद्धलाई पश्चिमाले उक्साएको आरोप लगाए।

इतिहासमा आज

सेप्टेम्बर २



सन् १९४६ : ब्रिटिस शासनबाट स्वतन्त्र भएपछि सन् १९४६ मा भारतमा अन्तरिम सरकार गठन भयो। संक्रमणकाल व्यवस्थित गर्न अन्तरिम सरकारलाई जिम्मा दिइएको थियो। अन्तरिम सरकारको नेतृत्व जवाहरलाल नेहरूले गरेका थिए।

सन् १६६६ : भीषण आगलागीले लन्डन सहर ध्वस्त पारेको थियो। ग्रेट फायर अफ लन्डनसमेत भनिने सो आगो स्थानीय बेकरीबाट फैलिएको थियो। चार दिनसम्म लागेको आगोबाट सहरका अधिकांश घर र वासस्थान नष्ट भएका थिए।

सन् १७५२ : बेलायतले पहिलोपटक जर्जियाली क्यालेन्डर चलनचल्तीमा ल्याएको थियो। पश्चिमेली क्यालेन्डरसमेत भनिने सो क्यालेन्डर पश्चिमा मुलुकमा आजभोलि सर्वत्र प्रयोग हुन्छ। यसअघि बेलायतले जुलियन क्यालेन्डर प्रयोग गर्थ्यो। नयाँ क्यालेन्डरको प्रयोगसँगै बेलायतको ११ दिन हराएको थियो। सेप्टेम्बर २ पछि एकैपटक सेप्टेम्बर १४ सुरु भएको थियो।

सन् १७८९ : अमेरिकामा खर्चसम्बन्धी छुट्टै मन्त्रालय खडा गरिएको थियो। मन्त्रालयले सरकारको राजस्व र खर्च व्यवस्थापन गर्ने जिम्मा पाएको थियो। अलेक्जेन्डर ह्यामिल्टनले पहिलोपटक सो मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०५/१७)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

उपभोग गर्नुभएको कर्जा रकम बैकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैकद्वारा इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०५/३१

बोलपत्र खोलिने मिति २०८२/०६/०१ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	ऋणीहरु : (क) एस.एस.ग्लास एण्ड यु.पि.भि.सी. सप्लायर्स (बैंक जमानत कर्जा) -शाखा कार्यालय ठैव, दर्ता नं. : २५७६९९/०७७/०७८, ठेगाना : महालक्ष्मी ०१, ललितपुर (ख) उमर खैयाम अंसारी र समा सिद्धिकी (विविध कर्जा) १. उमर खैयाम अंसारी (ना.प्र.नं. १६०३२२६९५, मिति २०५३/०१/२५ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : मंजुर अंसारी, बाजे : रजाक अंसारी २. समा सिद्धिकी (ना.प्र.नं. ९४५६२, मिति २०५५/०४/०३ मा जि.प्र.का.ललितपुरबाट जारी भएको), पति: उमर खैयाम अंसारी, ससुरा : मंजुर अंसारी **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** १.उमर खैयाम अंसारी : ऐ.ऐ -जमानीकर्ता २.समा सिद्धिकी : ऐ.ऐ -शेयरधनी/जमानीकर्ता ३.अमन अंसारी -जमानीकर्ता (ना.प्र.नं. ३४-०१-७४-१६४८८, मिति २०७४/१२/२७ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : उमर खैयाम अंसारी, बाजे : मंजुर अंसारी	समा सिद्धिकीको नाममा ललितपुर जिल्ला मालपोत कार्यलय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला छम्पी गा.वि.स./न.पा. वडा नं.३(क) स्थित कि.नं. २५९ (०-९-१-० रोपनी), कि.नं. २५८ (०-९-२-० रोपनी) र कि.नं. ३२९ (०-७-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय ठैब, ललितपुर

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत साविकमा बैकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणी फर्म: तनिसा सु सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता : मुकुन्द बहादुर खड्का** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा, प्रा.फ.र.नं. १९६५/०६९/०७०, दर्ता मिति २०६९/०५/२७, ठेगाना : जिल्ला सुनसरी, इटहरी न.पा. वडा नं. १
	२) ऋणी : मुकुन्द बहादुर खड्का, स्थायी ठेगाना : धनकुटा जिल्ला, खोकु गा.पा. वडा नं. १, हालको ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. २६, बाबु : नर बहादुर खड्का, बाजे : धन बहादुर खड्का
२	**ऋणी : वृद्धिमान यादव** स्थायी ठेगाना : सुनसरी जिल्ला, भोकाहा गा.पा. वडा नं.०७, हालको ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ०६, बाबु : मुलसी प्रसाद यादव, बाजे : सगम लाल यादव
३	**१) ऋणी फर्म : तुलसा कृषि फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : यज्ञनीधि पोखेल** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय,मोरङ विराटनगरमा, प्रा.फ.नंघ.उ.मो. १००३८/२०६८/०६९, दर्ता मिति २०६८/११/०९, ठेगाना : जिल्ला मोरङ, ईटहरा गा.वि.स.वडा नं. ७
	२) ऋणी : यज्ञनीधि पोखेल स्थायी ठेगाना : मोरङ जिल्ला, इटहरा गा.पं. वडा नं. ७, हालको ठेगाना : मोरङ जिल्ला, रतुवामाई न.पा. वडा नं. ८, बाबु : एन्द्र प्र. पोखेल, बाजे : मनोरथ पोखेल
४	**१) ऋणी फर्म : विराट इलेक्ट्रोनिक्स एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : धर्मेन्द्र कामत** दर्ता नं. : वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय विराटनगरमा प्रा.फ.र.नं. ३४४३९/०७७/७८, दर्ता मिति २०७७/०७/०३, ठेगाना : जिल्ला मोरङ, रंगेली न.पा.वडा नं. ७
	२) ऋणी : धर्मेन्द्र कामत, ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १६,, बाबु : राजेन्द्र कामत, बाजे : पंची कामत
५	**ऋणी : नारायण थापा** ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ०५, बाबु : मोति बहादुर थापा, बाजे : चन्द्र बहादुर थापा
६	**१) ऋणी फर्म : सरु फेशन हाउस, प्रोप्राईटर तथा जमानीकर्ता : सरस्वती गुरुङ्ग** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा प्राइभेट फर्म दर्ता १५५९-८-२०८०/८१, दर्ता मिति : २०८०/०५/१७, ठेगाना: जिल्ला रुपन्देही, देवदह न.पा. वडा नं. १
	२) ऋणी : सरस्वती गुरुङ्ग स्थायी ठेगाना : सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १, बाबु : राम बहादुर गुरुङ्ग, ससुरा : भक्त बहादुर पून, पति : राम बहादुर पून
७	**ऋणी फर्म : सुनरमाई किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : मोतीलाल प्रसाद यादव** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं: ५९७३-०७४-७५, दर्ता मिति २०७४/०९/११, ठेगाना: जिल्ला बारा, पचरौता न.पा.वडा नं. ३
८	**१) ऋणी फर्म : प्रनव किराना पसल, प्रोप्राईटर तथा जमानीकर्ता : सविता कुमारी सिंह** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषामा प्रा.फ.र.नं. २२०८१/१००१/२०८०/०८१ दर्ता मिति २०८१/०३/२७, ठेगाना: जिल्ला धनुषा, मिथिला न.पा., वडा नं. १०
	२) ऋणी : प्रदिप कुमार सिंह स्थायी ठेगाना : धनुषा जिल्ला, स. महेन्द्रनगर गा.वि.स. वडा नं. ८, हालको ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५, बाबु : लक्ष्मी नारायण सिंह दनुवार, बाजे : हरि नारायण सिंह
९	**ऋणी कम्पनी : प्रभु महिमा कृषि फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि., संचालक तथा जमानीकर्ता : धर्मनाथ महतो** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१६५९२/७५/०७६, दर्ता मिति २०७६/०२/२०, ठेगाना : जिल्ला सिरहा, धनगढीमाई न.पा. वडा नं. ८
१०	**ऋणी कम्पनी : बजरंग मत्स्य फार्म प्रा.लि., संचालक तथा जमानीकर्ता : धर्मेन्द्र कुमार दास** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३०९६६१/०७९/०८०, दर्ता मिति २०७९/१२/१२, ठेगाना: जिल्ला रौतहट, माधवनारायण न.पा. वडा नं. ६
११	**ऋणी फर्म : वजरंग भैसी फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : विजई लाल राय** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्र.फ.नं.:-६५०३/३६०/३८/१३, बौधीमाई, दर्ता मिति २०७५/०८/२३, ठेगाना : जिल्ला रौतहट, सरमुजवा गा.वि.स. वडा नं. ५ (हाल बौधीमाई न.पा. वडा नं. ८)
१२	**ऋणी कम्पनी : हिम अमृत कृषि फार्म प्रा.लि., संचालक तथा जमानीकर्ता : सुवोध कुमार यादव** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं.२४७६३२/०७७/०७८, दर्ता मिति २०७७/०८/०४, ठेगाना: जिल्ला सर्लाही, कविलासी न.पा. वडा नं. १०
१३	**ऋणी फर्म : प्रकाश मत्सय फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : जयप्रकाश प्रसाद यादव** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा प्रा.फा.र.नं. : ९९५४/५६४/३६६/५७, दर्ता मिति २०७८/०५/२८, ठेगाना : जिल्ला रौतहट, कटहरिया गा.वि.स. वडा नं. ९ (हाल कटहरिया न.पा. वडा नं. ५)
१४	**ऋणी कम्पनी : ओम स्टार कृषि तथा पशुपालन फार्म प्रा.लि., संचालक तथा जमानीकर्ता : राम बाबु कार्की** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं.: २४३९४२/०७७/०७८, दर्ता मिति २०७७/०६/१८, ठेगाना : जिल्ला सर्लाही, बागमती न.पा. वडा नं. ६
१५	**१) ऋणी फर्म : होम ए. टु. जेड, प्रोप्राईटर तथा जमानीकर्ता : भागनारायण चौधरी** दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.र.नं. ११९४५/१८५५, दर्ता मिति २०७७/१२/३०, ठेगाना : जिल्ला रौतहट, च.पुर गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ४)
	२) ऋणी : भाग नारायण चौधरी स्थायी ठेगाना : रौतहट जिल्ला, माधोपुर गा.वि.स. वडा नं. ६, हालको ठेगाना : रौतहट जिल्ला, माधव नारायण न.पा. वडा नं. ६, बाबु : उपेन्द्र साह, बाजे : भिखर साह कलवा

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

Request for Proposal (RFP) for providing Training & Development Service

(Date of Publication: 13th August, 2025)
(Second Date of Publication: 2nd September, 2025)

Mahalaxmi Bikas Bank Limited, a leading national-level development bank, invites sealed proposals from eligible and registered Training & Development Institutes/ Consultancies for the India training program(s).

Terms and Conditions:
- The RFP document can be purchased within office hours (9:30 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 5,000.00 (NPR Five Thousand Only) on or before 7th day of the first date of publication of this notice.
- RFP document fee should be deposited in the following account of our Bank:
  - » Account Number: 999-20401010201
  - » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Proposals must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.

Minimum Eligibility Criteria:
Applicants must meet the following **minimum eligibility criteria** to be considered:

1. Interested training institute should be conducting training for Banks of Nepal for at least five (5) years.
2. Training Institutes should have tie up with Indian University (NAAC A+ accreditation).
3. Such Indian University should have prior experience in conducting programs on Digitization, Digital Marketing, AI in Banking, Credit Management, Risk Management, Operation Management, Technology & Security, Branch Management, Leadership & Communication.

The sealed proposals shall be opened at 3:00 PM on next working day of the last date of proposal submission.

If the last date of purchasing, submission and opening of the sealed proposals falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८७१९
सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: NABIL BANK®
योजना व्यवस्थापक: NABIL INVESTMENT BANKING LTD. (A Subsidiary of Nabil Bank Ltd.)

नबिल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने दोस्रो खुलामुखी योजना

एन आई ३१
(NI 31)
को

इकाई बाँडफाँड सम्बन्धी सूचना

एन आई ३१ (NI 31) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको २,५०,००,००० (दुई करोड पचास लाख) इकाईको १५ (पन्ध्र) प्रतिशत अर्थात ३७,५०,००० (सैतिस लाख पचास हजार) इकाई बीज योजना व्यवस्थापक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सुरक्षित राखी बाँकि रहने १,५०,००,००० (एक करोड पचास लाख) इकाईमध्ये प्रथम चरणमा सर्वसाधारणहरुमा १,१२,५०,००० (एक करोड बाह्र लाख पचास हजार) इकाई सर्वसाधारणमा मिति २०८२/०४/३० गते देखि मिति २०८२/०५/०३ गते सम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त अवधिमा माग भन्दा अधिक इकाई खरिदको लागि आवेदन प्राप्त भएकोले प्रचलित कानुन बमोजिम योजना व्यवस्थापक/डिपोजिटरी नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडले निष्काशित इकाईमा ३,७५०,००० इकाई थप गरि कुल १८७,५०,००० इकाई (**बीज पूँजी सहित**) कायम गरि रितपुर्वक आवेदन दिने आवेदकहरुलाई १५,०००,००० इकाई **मिति २०८२/०५/१६ गते** बाँडफाँड गरिएको ब्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारी गराउँदछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., सञ्चारमाध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

बाँडफाँड सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.nabilinvest.com.np तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित www.meroshare.cdsc.com.np अथवा www.iporesult.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं। साथै, यस निष्काशन कार्यमा सहभागी सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाडमा नपरेको इकाइ वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खातामा फुकुवा गरिदिनुहुन समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

योजना व्यवस्थापक तथा डिपोजिटरी / धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नारायणचौर, नक्साल, काठमाण्डौ । फोन: ४५११६०४/४५११७३३
Email: info@nabilinvest.com.np I URL: www.nabilinvest.com.np

धितोमा रहेको सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/१७ गते

यस माछापुच्छ्रे बैंक लि. लम्की शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएको एवं मिति २०७९/०७/१८ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आंफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ आठौं) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा बैंक आफैंले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
नेपाल सरकार, उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **सोना देवी किराना स्टोर** प्रा.फ.र. नं. १६८८८/०६९/७०, दर्ता मिति : २०६९/०४/०९, पान नं. ६००६४३३६४, दर्ता मिति : २०६९/०४/०९ ठेगाना : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५, **प्रोप्राईटर : गणेश प्रसाद उपाध्याय (वसौटयाल)**	
व्यक्तिगत जमानतकर्ताहरु	
१. गणेश प्रसाद उपाध्याय (वसौटयाल) ना.प्र.नं. २१२८७, जि.प्र.का कैलाली जारि मिति : २०५५/०२/१२ बाबु : हरि प्रशाद वसौटयाल बाजे : गज प्रसाद उपाध्याय स्थायी ठेगाना : कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८ हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५	**२. जानकी उपाध्याय (वसौटयाल)** ना.प्र.नं. ६७२००२/६२७२५, जि.प्र.का., कैलाली जारि मिति : २०७३/०१/२७ बाबु : मेहर सिंह कठायत, पति : गणेश प्रसाद उपाध्याय (वसौटयाल) ससुरा : हरि प्रशाद वसौटयाल स्थायी ठेगाना : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ४ हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५
३. हरि प्रशाद वसौटयाल ना.प्र.नं. ९११९१४९१, जि.प्र.का. कैलाली, जारि मिति : २०३६/०८/२८ बाबु : गज प्रसाद उपाध्याय, बाजे : गोबरु वसौटयाल स्थायी ठेगाना : कैलाली जिल्ला, सुगरखाल गा.वि.स. वडा नं. ८, कैलाली, हाल : कैलाली जिल्ला, लम्की चुहा न.पा. वडा नं. ५	
धितोमा रहेको सम्पतिको विवरण	
धनी यस माछापुच्छ्रे बैंक लि. र ऋणी सोना देवी किराना स्टोरको नाममा धितो सुरक्षण वापत रहेको निम्न बमोजिमको सवारी साधन : सवारी मोडल : TATA ICV TRUTIP, सवारी दर्ता नं. सु.प.प्र. ०१ ००१ क १८०२ Engine No.: 497TC44AZX802858, Chasis No: MAT544009L7R01756, सवारी रङ्ग : Artic White	
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८२/०५/२३ गते सोमबार कार्यालय समय सम्म शाखा कार्यालय, लम्की	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८२/०५/२४ गते मंगलबार दिनको ३:३० बजे शाखा कार्यालय, लम्की

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लम्की

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार १७ भदौ ०८२

■ एमसिसी कार्यान्वयनको दुई वर्ष

अझै भएन जग्गा प्राप्ति

सरकारले वन नियमावली संशोधन गरेपछि गणना भइसकेको रुख अन्योलमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदान परियोजना कार्यान्वयनमा प्रवेश गरेको दुई वर्ष पूरा भएको छ। तर, हालसम्म पनि प्रसारणलाइनका लागि चाहिने जग्गा प्राप्ति हुन सकेको छैन। एमसिसी परियोजना ३० अगस्ट ०२३ (१३ भदौ ०८०) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो। परियोजना सकिन अब तीन वर्ष मात्रै समय रहँदा जग्गा प्राप्ति नभएको अवस्थामा परियोजना समयमै बन्नेमा चुनौती देखिएको छ।

एमसिसी अनुदानअन्तर्गत बन्ने सबस्टेसन र सडकलाई चाहिने जग्गा यसअघि नै नेपाल सरकारले प्राप्ति गरिसकेको छ। प्रसारणलाइनलाई चाहिने जग्गा भने मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपाल आफैंले गर्नुपर्ने थियो। सोही परियोजनाअन्तर्गत काठमाडौं, मकवानपुर, धादिङ, चितवन, नुवाकोट, पाल्पा, तनहुँ, सिन्धुपाल्चोक, नवलपरासी र नवलपुरमा गरेर १० जिल्लामा जग्गा प्राप्ति गर्नुपर्नेछ।

चार प्रसारणलाइनमा आठ सय ५६ वटा टावर बनाउन एक सय चार हेक्टर जग्गा प्राप्ति गर्नुपर्नेछ। साथै, तीन सय १५ किमि लामो प्रसारणलाइनमुनि पर्ने १३ सय ४७ हेक्टर जग्गाका लागि क्षतिपूर्ति दिएर भोगाधिकारसम्बन्धी सम्झौता गर्नुपर्नेछ।

तर, काठमाडौंमै जग्गा प्राप्तिको प्रक्रिया सुरु भएको छैन। अन्य नौ जिल्लामा ०७९ देखि नै जग्गा प्राप्तिको प्रक्रिया अघि बढाएको थियो। हालसम्म नौ जिल्लामा जग्गाको मूल्यांकन गरेर मूल्य निर्धारण गर्ने काम भइरहेको छ। तर, जग्गाधनीलाई मुआब्जा दिएर जग्गा नै प्राप्ति भइसकेको छैन। यद्यपि, यसको प्रक्रिया अन्तिम चरणमा पुगेको र ठेकेदारले काम सुरु गर्नुभन्दा अघि जग्गा प्राप्ति गरिसक्ने लक्ष्य राखेको छ। काठमाडौंमा थोरै जग्गा भएकाले समय नलाग्ने एमसिए नेपालको भनाइ छ। यस्तै, परियोजना स्थलमा पर्ने रुख कटानीका लगि पनि स्वीकृति लिन बाँकी नै छ। यद्यपि, परियोजना निर्माणका लागि काट्नुपर्ने रुख गणना भइसकेको छ।

अमेरिकासँग सेप्टेम्बर २०१७ मा भएको सम्झौता १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा संसद्बाट अनुमोदन भएपछि ०८० भदौ १३ (२०२३ अगस्ट ३०) देखि कार्यान्वयनमा प्रवेश (इन्ट्री इन्टु फोर्स) गराइएको थियो। सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षभित्र अर्थात् २९ अगस्ट २०२८ (१२ भदौ ०८५) भित्र परियोजनाहरूको निर्माण सम्पन्न गरिसक्नुपर्नेछ। अन्यथा खर्च हुन बाँकी रकम एमसिसीले पठाउनेछैन। अब बाँकी तीन वर्षमा यसअन्तर्गतका परियोजना बनाइसक्नुपर्ने दबाब छ। यद्यपि, अमेरिकाले गत जनवरीदेखि जुलाईसम्म अनुदान स्थगन गऱ्यो। त्यसमा झन्डै ६ महिना समय व्यतीत भएको छ। त्यसलाई शून्य समय मानिदिएर नेपालले सोबराबरको थप समय पाउने अपेक्षा गरिएको छ।

एमसिसीको ५५ करोड डलर अनुदान र नेपाल सरकारको १९ करोड ७० डलर लगानीमा चार सय केभी क्षमताका तीन सय १५ किमि लामो चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीन सबस्टेसन, पूर्व-पश्चिम राजमार्गको धानखोला-लमही ४० किमि सडकखण्ड र मुग्लिन नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गरिँदै छ। पछिल्लोपटक अमेरिकाले थप गरेको पाँच करोड डलर अनुदान भने नेपालको मन्त्रिपरिषद्बाट अनुमोदन हुन बाँकी छ।

रुख कटानी र जग्गा प्राप्तिमा सरकारले सहजीकरण गर्नुपर्ने : पूर्वसचिव कार्की



पूर्वऊर्जा सचिव देवेन्द्र कार्की जग्गा प्राप्तिमा सरकारले सहयोग गर्नुपर्ने बताउँछन्। 'यो परियोजना निर्धारित समयमै सम्पन्न गर्नुपर्ने दबाब छ। तर, जग्गा प्राप्ति समयमा नगर्दा चुनौती आउन सक्छ। जग्गा प्राप्ति तथा रुख कटानीमा एमसिए नेपालको एक्लो प्रयासले मात्रै हुँदैन। तसर्थ, यसमा सरकार र सरकारी निकायले प्रचलित ऐनमै टेकेर द्रुत गतिमा काम गरिदिनुपर्छ,' उनले भने, 'यसबिचमा नीतिगत परिवर्तन हुँदा आउने चुनौतीमा पनि सरकारले सहयोग गर्नुपर्छ।'



चालू आवमा साढे आठ अर्ब बजेट, जग्गा प्राप्तिमा ५२ करोड ६४ लाख मात्रै

चालू आवमा परियोजनालाई सरकारले आठ अर्ब ४६ करोड ७१ लाख बजेट छुट्याएको छ। जसमा दुई अर्ब ७७ करोड ८४ लाख नेपाल सरकारले नै दिनेछ। नेपाल सरकारले दिएको बजेटबाटै जग्गा प्राप्तिमा खर्च गर्नुपर्नेछ। त्यसमा जग्गा प्राप्तिका लागि भने ५२ करोड ६४ लाख रुपैयाँ विनियोजन गरिएको छ।

नयाँ नीति आएपछि गणना भइसकेको रुख पनि अन्योलमा

एमसिए नेपालले यसअघि नै परियोजना निर्माण गर्दा काट्नुपर्ने रुख गणना गरेर प्रतिवेदन सम्बन्धित निकायमा बुझाइसकेको छ। पहिला १४ सेन्टिमिटरभन्दा बढी गोलाइ भएका रुख गणना गर्नुपर्ने व्यवस्था थियो। तर, सरकारले हालै वन नियमावली संशोधन गरेर त्यो सीमा १० सेन्टिमिटर कायम गरेको छ। त्यो अवस्थामा एमसिए नेपालले पुनः रुख गणना गर्नुपर्ने जोखिमसमेत देखिएको छ।

दुई वर्षमा के-के गऱ्यो एमसिए नेपालले ?



कार्यान्वयनमा प्रवेश गरेको दुई वर्षमा एमसिए नेपालले निर्माणका अधिकांश ठेक्का सम्झौता गरिसकेको छ। तीन सबस्टेसन निर्माणका लागि ठेक्का सम्झौता भइसकेको छ। भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङसँग रातमाटे सबस्टेसन पाँच करोड १५ लाख डलरमा र नयाँ दमौली सबस्टेसन तीन करोड ८८ लाख ९० हजार डलरमा बनाउन सम्झौता भएको छ। रातमाटेको १ असार ०८१ र नयाँ दमौलीको १६ साउन ०८१ मा ठेक्का सम्झौता भएको थियो। यस्तै, नयाँ बुटवल सबस्टेसन बनाउन तीन करोड ५५ लाख १० हजार डलरमा लिंकसन इन्डिया प्रालिसँग २७ वैशाख ०८१ मा सम्झौता भएको थियो। अहिले ती परियोजनामा निर्माणको काम अघि बढेको छ। यस्तै, १४ भदौ ०८१ मा १८ किलोमिटर लामो चार सय केभी क्षमताको 'न्यु बुटवल-नेपाल/भारत सीमा' प्रसारणलाइन बनाउन भने भारतको ट्रान्सरेल लाइटिङ लिमिटेडसँग सम्झौता भइसकेको छ। एक करोड २३ लाख ६० हजार डलरमा कम्पनीसँग ठेक्का सम्झौता गरिएको थियो। त्यसमा अहिले निर्माणको काम अघि बढेको छ।

यस्तै, गत साउन २९ मा मात्रै चार सय केभी क्षमताका ९० किमि लामो नयाँ दमौली-नयाँ बुटवल र ९० किमि लामो रातमाटे-नयाँ बुटवल प्रसारणलाइन बनाउन ठेक्का सम्झौता भएको छ। नयाँ दमौली-नयाँ बुटवल प्रसारणलाइन निर्माणका लागि वाइवा-सलार जेभीसँग सात करोड ७० लाख ३० हजार डलरमा ठेक्का सम्झौता गरिएको छ। यस्तै, ९० किमि लामो चार सय केभी क्षमताको रातमाटे-नयाँ दमौली प्रसारणलाइन बनाउन भारतको एन्जेलिक-स्किपर जेभीसँग सात करोड ७४ लाख ८० हजार डलरमा ठेक्का सम्झौता गरिएको हो। अब प्रसारणलाइनतर्फ एक सय १७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा प्रसारणलाइनको ठेक्का लाग्न बाँकी छ। अब केही दिनमै उक्त परियोजनाको पनि ठेक्का सम्झौता गर्ने स्रोतको भनाइ छ।

अहिले ४० किमि लामो धानखोला-लमही खण्डको मर्मत गर्न पनि ठेकेदार कम्पनी छनोट गर्ने प्रक्रिया अघि बढाइएको छ। मुग्लिन-नारायणगढ सडकलाई विशेष रूपमा मर्मत गर्न ठेक्का आह्वान हुन बाँकी छ। तर, सडक निर्माणमा भने समय नलाग्ने हुँदा यसमा धेरै दबाब नभएको स्रोतको भनाइ छ। यीबाहेक अन्य नियमित काम पनि एमसिए नेपालले गरिरहेको छ।

बागमती सरकारले धुलो दुध कारखाना स्थापना गरेको दुई वर्षमा पनि बनेन सञ्चालन मोडालिटी

प्रदेश सरकारले ४७ करोड लागतमा स्थापना गरेको कारखानाको परीक्षणकालमै डिडिसीले ३९९ मेट्रिकटन धुलो दुध उत्पादन गऱ्यो

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारको करिब ४७ करोड लागतमा दुई वर्षअघि स्थापना गरेको धुलो दुध कारखाना सञ्चालनको मोडालिटी अझै बन्न सकेको छैन। प्रदेश दुग्ध विकास बोर्डले सञ्चालनको कार्ययोजना तथा मोडालिटी तय गर्न नसक्दा करिब डेढ वर्षयता कारखाना परीक्षणका रूपमा मात्रै सञ्चालन हुँदै आएको छ।

०७७ मा निर्माण सुरु भई ०८० मंसिरबाट परीक्षण उत्पादन गरेको उद्योग कार्यविधि नबन्दा आधिकारिक रूपमा सञ्चालन हुन नसकेको हो। प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गतको प्रदेश दुग्ध विकास बोर्डले उद्योग सञ्चालनको कार्यविधि तयार गर्न सकेको छैन।

विगत डेढ वर्षदेखि दुग्ध विकास संस्थान (डिडिसी)ले परीक्षणका रूपमा कारखाना सञ्चालन गर्दै आएको छ। यद्यपि, डिडिसीलाई कारखाना सञ्चालन गर्न दिने विषयमा मन्त्रालय र बोर्डले कुनै औपचारिक निर्णय गरेका छैनन्। सामान्य लिखित सहमतिका भरमा काम भइरहेको कर्मचारीहरू बताउँछन्। कारखाना सञ्चालनका लागि कार्यविधि निर्माणको काम अन्तिम तयारीमा पुगेको प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाका निर्देशक डा. रामप्रकाश श्रेष्ठको भनाइ छ। हाल कारखाना डिडिसीले परीक्षण सञ्चालन गरिरहेको भए पनि कारखानामा केही संरचना थप गरेर प्रतिस्पर्धाका आधारमा विभिन्न संघ-संस्थालाई भाडामा दिने प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाका निर्देशक डा. रामप्रकाश श्रेष्ठले बताए।

'कारखाना सञ्चालन गर्न कसलाई दिने भन्ने विषयमा अझै टुंगो लागिसकेको छैन। प्रतिस्पर्धात्मक आधारमा कारखाना भाडामा दिने हाम्रो तयारी हो,' उनले भने, 'झन्डै आधा अर्ब लगानीमा बनेको यो कारखानाको सञ्चालन कार्यविधि नबन्दा सबैतिर आलोचना भएको छ। कारखाना चलाउन चाहने संस्थालाई लिजमा दिनका लागि गत वर्ष अध्ययन भइसकेको छ, अब ढिला हुँदैन। कार्यविधि अन्तिम चरणमा पुगेको छ।'

■ नयाँ मन्त्रीका प्राथमिकतामा पर्ला ?

प्रदेश सरकारको लगानी रहेको कारखाना निर्माण सुरु भएको पाँच वर्ष हुन लाग्दासमेत कारखाना सञ्चालनको मोडालिटीसमेत बनाउन नसकेको भन्दै आलोचना भइरहेको छ। तर, हालै सरकार परिवर्तनपछि मन्त्रालयको जिम्मेवारीमा पाएका बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री मधुसुदन पौडेलले धुलो दुध कारखाना आफ्नो प्राथमिकतामा रहेको बताए।

'मन्त्रालयको जिम्मेवारी सम्हालेको महिनादिनमै यो कारखाना सबैभन्दा ठुलो चुनौतीका रूपमा देखें।



■ बोर्डका उपाध्यक्ष हरिप्रसाद पौडेल भन्छन्- कारखाना नचल्दै किसानलाई फाइदा



किसानलाई 'मिल्क होलिडे'मा दुध खेर जान नदिने उद्देश्यले कारखाना बनाइएको हो। धुलो दुध कारखाना जति कम चल्यो, किसानका लागि त्यति नै फाइदा हुन्छ। सरकारले झन्डै आधा अर्ब लगानी गरेर निर्माण गरेको कारखाना चलेन भनेर चिन्ता गर्नु उचित हुँदैन। धुलो दुध कारखाना जति कम चल्यो, त्यो किसानका लागि राम्रो हो। किनकि, यसले किसानको दुध सहजै बजार पुगेको छ भन्ने अर्थ हुन्छ। कारखाना बढी चल्नु भनेको बजारमा समस्या छ भन्ने संकेत हो।

परीक्षणका लागि डिडिसीले चलाइरहेको छ, तर अब यसलाई औपचारिक मोडालिटी बनाएर सञ्चालन गर्ने तयारी छ,' उनले भने, 'डिडिसीलाई दिने कि अन्य संस्थालाई भन्ने विषयमा छलफल भइरहेको छ।'

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले १६ पुस ०७७ मा शिलान्यास गरेको कारखाना निर्माण सम्पन्न भएपछि परीक्षण उत्पादनका लागि डेढ वर्षअघि दुग्ध विकास संस्थान (डिडिसी)लाई जिम्मा दिइएको थियो। डेढ वर्षदेखि परीक्षण उत्पादन गर्दै आएको कारखानाले परीक्षणकालमै तीन सय ९९ मेट्रिकटन धुलो दुध उत्पादन गरेको छ। डिडिसी, हेटौंडाका निमित्त आयोजना प्रमुख अञ्जन अधिकारीले हालसम्म ४४ लाख लिटर दुध प्रशोधन गरी तीन सय ९९ मेट्रिकटन धुलो दुध र दुई सय मेट्रिकटन बटर उत्पादन गरेको जानकारी दिए।

'हालसम्म ११ लाख लिटर दुध सहकारी तथा निजी संस्थाबाट संकलन गरिएको छ भने ३३ लाख लिटर दुध संस्थानकै संकलनबाट प्रशोधन गरिएको हो। उत्पादन सफल भएको छ, प्राविधिक रूपमा कुनै ठुलो समस्या देखिएको छैन,' उनले भने। आयोजना प्रमुख अधिकारीका अनुसार परीक्षणकालमै कारखाना राम्रोसँग चलेको छ, तर भण्डारण र प्याकेजिङ कक्ष, जेनेरेटरजस्ता संरचना थप्नुपर्ने आवश्यकता छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन कार्यालय
नेपालगञ्ज बाँके

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८२/०५/१७

यस कार्यालयको Supply of Liquid Nitrogen (NLBO-NPJ/NCB/GOODS/2082-083/01) सम्बन्धी ठेक्कामा प्राप्त बोलपत्रहरू मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र छनौट हुने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र. सं	विवरण	छनौट भएको बोलपत्र	कबोल रकम मू.अ.कर बाहेक
1	Supply of Liquid Nitrogen (Contract ID.No. NLBO-NPJ/NCB/GOODS/2082-083/01	Jayesh Trading Concern, Nepalgunj, Banke	35,58,632.00 (Rs.88/liter)

वरिष्ठ पशु विकास अधिकृत

नबिल बैंक लिमिटेड, सिमरा शाखा, बाराको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः : २०८२/०५/१७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया

तपसिल

ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७७/०७/२४ मा प्रा.फ.र.नं.: ९८२७/०७७/७८ (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएको **अमृता कपडा पसल**।
ठेगाना : बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा.वडा नं. ०२।
ऋणी फर्मका प्रोप्राइटर :
गोपाल बहादुर राजबाहककी छोरी, डम्बर बहादुर श्रेष्ठकी बुहारी, निल बहादुर श्रेष्ठकी श्रीमती बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा.वडा नं. ०२ बस्ने नां.प्र.नं. २०३५१ (जारी मितिः २०६३/०२/०२ स्थानः बारा) भएकी **अमृता श्रेष्ठ**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

पित बहादुरको नाती, डम्बर बहादुर श्रेष्ठको छोरा बारा जिल्ला, सिमरा गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा.वडा नं. ०२ बस्ने नां.प्र.नं. ९४३५ (जारी मितिः २०५९/१२/०७ स्थानःबारा) भएको **नील बहादुर श्रेष्ठ**।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७१८७१

अगस्टमा भित्रिए साढे ८८ हजार पर्यटक

पर्यटक आगमनमा २२ प्रतिशतले वृद्धि, ४० प्रतिशत पर्यटक भारतीय

काठमाडौं/ नेपालमा पर्यटन आगमन क्रमशः बढ्दै गएको देखिएको छ। सन् २०२५ को अगस्टमा ८८ हजार ६ सय ८० पर्यटक नेपाल आएका छन्। जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २२ प्रतिशतले बढी हो।

नेपाल पर्यटन बोर्डले सोमबार सार्वजनिक गरेको तथ्यांकले पर्यटक आगमन वृद्धिदर उच्च देखिएको छ। कोरोना महामारीले थला परेको नेपालको पर्यटन क्रमशः पुनरुत्थानका क्रममा रहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बताएका छन्। उनले भने, 'भारतबाट एयर इन्डिया एक्सप्रेस थपिँदा पनि भारतबाट आउने पर्यटकको संख्या वृद्धि भएको देखिएको छ। अबको अवधि निरन्तर पर्यटक आगमन वृद्धि हुनेमा आशावादी छौं।'

बोर्डको तथ्यांकअनुसार अगस्टमा भारतबाट ३५ हजार पाँच सय पाँचजना अर्थात् ४० प्रतिशत पर्यटक भित्रिएका छन्। नेपालमा सबैभन्दा बढी पर्यटक भित्रिने देशमध्ये चीन दोस्रो रहेको छ। चीनबाट सात हजार पाँच सय ३३ अर्थात् ८.५ प्रतिशत पर्यटक भित्रिएका हुन्। त्यस्तै, मेरिकाबाट ६ हजार ६८ अर्थात् ६.८ प्रतिशत, श्रीलंकाबाट पाँच लाख नौ सय ५६ अर्थात् ६.७ प्रतिशत र बंगलादेशबाट चार हजार दुई सय ६२ अर्थात् ४.८ प्रतिशत पर्यटक भित्रिएको बोर्डको तथ्यांक छ।

■ आठ महिनामा सवा सात लाख पर्यटक

सन् २०२५ को जनवरीदेखि अगस्टसम्म आठ महिनाको अवधिमा सात लाख ३६ हजार पाँच सय ६२ पर्यटक भित्रिएका छन्। बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली (सार्क) मुलुकबाट ४७ हजार एक सय ३७ पर्यटक अर्थात् ५३ प्रतिशत आगमन भएको देखिन्छ। एसियाका अन्य मुलुकमा १५ हजार सात सय ७७ अर्थात् १७.८ प्रतिशत, युरोपबाट ११ हजार एक सय ३२ अर्थात् १२.६ प्रतिशत र ओसनियाबाट दुई हजार चार सय ३५ अर्थात् २.७ प्रतिशत पर्यटक भित्रिएका छन्। त्यसैगरी अमेरिकाबाट सात हजार दुई सय ९३ अर्थात् ८.२ प्रतिशत, मध्यपूर्वबाट नौ सय ४४ अर्थात् १.१ प्रतिशत, अफ्रिकाबाट तीन सय २२ अर्थात् ०.४ प्रतिशत र अन्य मुलुकबाट तीन हजार ६ सय ४० अर्थात् ४.१ प्रतिशत पर्यटक आगमन भएको छ। सन् २०२५ को जुलाईमा ७० हजार एक सय ९३ पर्यटक भित्रिएका थिए। नेपालमा पर्यटकको आगमन बढाउने उद्देश्यले सरकारले कर्णाली र सुदूरपश्चिम प्रदेशका ९७ हिमालमा निःशुल्क आरोहण खुलाइसकेको छ।

बैंकहरूको कर्जा प्रवाह ४९ खर्ब ६४ अर्ब

काठमाडौं/ १४ दिनमा वाणिज्य बैंकहरूको कर्जा १५ अर्ब रुपैयाँले विस्तार भएको छ। गत ३१ साउनसम्म कर्जा प्रवाह ४९ खर्ब ६४ अर्ब रुपैयाँ पुगेको थियो। शनिबार (१४ भदौमा) कर्जा प्रवाह ४९ खर्ब ६४ अर्ब रुपैयाँ कायम भएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ।

आउँदै गरेको दसैं-तिहारका लागि वस्तुको माग बढ्दा बजार चलायमान भएपछि कर्जाको माग बढेको हुन सक्ने अर्थशास्त्रीहरू बताउँछन्। कर्जा विस्तारको तुलनामा निक्षेप संकलन भने झिनो अंकमा बढेको छ। यो अवधिमा निक्षेप संकलन नौ अर्ब रुपैयाँले बढेको छ। निक्षेपमा ब्याजदर घट्दै गएकाले आकर्षण घटेको देखिन्छ। गत ३१ साउनमा ६४ खर्ब ७९ अर्ब रुपैयाँमा सीमित रहेको निक्षेप संकलन १४ भदौमा ६४ खर्ब ८८ अर्ब रुपैयाँ कायम भएको हो।

नेपाल राष्ट्र बैंकका अनुसार शनिबारसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ७२ खर्ब ४१ अर्ब रुपैयाँ छ भने कर्जा प्रवाह ५६ खर्ब एक अर्ब रुपैयाँ छ। कर्जा निक्षेपको अनुपात ७६.३९ प्रतिशत कायम छ।

गाईघाट-फत्तेपुर सडक कालोपत्रे

तर, मार्गमा पर्ने दर्जन खोलामा छैन पुल निर्माण योजना

उदयपुरमा **विदुर कटवाल**

उदयपुरको सदरमुकाम गाईघाटबाट सप्तरीको फत्तेपुर जोड्ने सडक कालोपत्रे हुँदा पनि मार्गमा पर्ने खोलाखोल्सीमा पक्की पुल बनेको छैन। गाईघाटबाट फत्तेपुरसम्म जम्मा ३० किलोमिटर सडकको आधा खण्ड धमाधम कालोपत्रे हुँदै गर्दा खोलाखोल्सीमा पुल बानाइने योजना नबनेको स्थानीयको गुनासो छ। सोही सडकखण्डमा पर्ने त्रियुगा नगरपालिका- २, जोगीदहका स्थानीय धनकुमार श्रेष्ठले पक्की कालोपत्रे सडकभन्दा बढी आवश्यक रहेको पुल नबनेकोमा गुनासो गरे। उनले भने, 'यस सडकमा कालोपत्रे हुनुहुँदैन भन्ने होइन। तर, खोलाखोल्सीमा पक्की पुल जरुरी थियो। पुल नै नबनी सडक कालोपत्रे भइरहेको छ।'

गाईघाट फत्तेपुर सडकखण्डमा झन्डै साना-ठुला गरेर एक दर्जन खोलाखोल्सी छन्। हिउँदमा बालुवामा भाँसिदै सवारीसाधन चले पनि बर्खामा ठुलो पानी परेको समयमा यातायात नै ठप्प हुन्छ। अर्का स्थानीय अगुवासमेत रहेका रुद्र अधिकारीले बर्खाको समयमा ठुलो पानी पर्दा सुत्केरी, सर्पदंशका बिरामी तथा कुनै दुर्घटनामा परेर गम्भीर घाइते बिरामी १० किलोमिटरको दूरीमा रहेको गाईघाटका अस्पताल तथा फत्तेपुर हुँदै



राजविराज वा विराटनगरका अस्पतालसमेत पुऱ्याउन कठिन भएको गुनासो पोखे। उनले भने, 'सडक कालोपत्रे भयो सुखद कुरा हो। तर, पुलसँगै कालोपत्रे नहुनु दुःखद हो। हिजोका दिनमा खोलाखोल्सीबाट पुल नहुँदा जुन दुःख पाइएको थियो, अहिले पनि त्यो दुःख टरेको छैन।'

गाईघाट फत्तेपुर सडक चौदण्डीगढी नगरपालिका र त्रियुगा नगरपालिकाको चुरे फेदीमा रहेका त्रियुगा नदीपारि झन्डै ४० हजार जनसंख्या छन्। स्थानीय समाजसेवी महेन्द्रबहादुर बस्नेतले पञ्चायती सरकारका पालामा निर्माण भएको सडक गणतन्त्रमा कोलोपत्रे हुँदा पनि पुल नबनेको दुःखेसो पोखे। ०२८ सालअघि नै ट्र्याक खोलिएको सडक उदयपुरको सदरमुकाम गाईघाटलाई सप्तरीको फत्तेपुर हुँदै कञ्चनपुरबाट पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्गबाट राजधानी काठमाडौं, विराटनगरलगायत सहर जोड्ने पहिलो सडक हो। अहिले त्यही गाईघाट-फत्तेपुर सडकको मोतीगढा-जोगीदह क्षेत्रको करिब साढे १० किलोमिटर कालोपत्रे धमाधम सुरु भएको सडक डिभिजन कार्यालय लहान-सिराहाका सोही सडकको जिम्मा पाएका इन्जिनियर सञ्जीवकुमार दासले जानकारी दिए।

उनका अनुसार निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअनुसार संघीय संसद्को एउटा निर्वाचन क्षेत्रमा परेकाले कालोपत्रे भएको हो। उच्च गुणस्तरको दुई लेनको अस्पताल कंक्रिटको कालोपत्रे गर्ने गरी मैनाचुली साह रेग्मी ज्वाइन्ट भेन्चर निर्माण कम्पनीले २८ करोड ४३ लाख ४६ हजारमा सम्झौता गरी अघिल्लो वर्षदेखि काम गरिरहेको उनले बताए।

दासले सडकको स्तरोन्नतिसँगै चौडा पार्ने र दायाँ-बायाँ नाली निर्माणसहित साना-ठुला २ ९ वटा कल्भर्ट निर्माण भएको जानकारी दिए। उनले भने, '०७९ असार ३० मा सम्झौता भई ०८१ असार ३० मा सकिनुपर्ने थियो। तर, काम भएन। अनि म्याद थपेर ०८३ असार ३० मा सम्पन्न गर्ने गरी काम भइरहेको छ।' उनका अनुसार हालसम्म ७० प्रतिशत काम सकिएको छ भने पाँच किलोमिटर कालोपत्रे भएको छ।' सडक डिभिजन कार्यालय लहानका कार्यालय प्रमुख आशुतोष कर्ण भन्छन्, 'निर्वाचन क्षेत्रको रणनीतिक सडक हो। हामीसँग सडक कालोपत्रे गर्ने योजना मात्र छ। पुल बनाउने योजना छैन।' उक्त सडकअन्तर्गत चुरेबाट बगेर आउने लुहाले, बबिया, कंग र बाहुन्नालगायतका एक दर्जनभन्दा बढी खोला छन्। ती खोलामा पक्की पुल नहुँदा सडक कालोपत्रे हुनु र नहुनुमा कुनै खास अर्थ नहुने त्रियुगा नगरपालिका- २ का वडाध्यक्ष घमानसिंह खत्री बताउँछन्।

एलजी नेपालको 'खुसीको ४० वर्ष' विशेष दसैं-तिहार अफर

काठमाडौं/ एलजीले आफ्नो ४० वर्षे यात्रालाई उत्सवका रूपमा मनाउँदै 'खुसीको ४० वर्ष' नामक दसैं-तिहार अभियान सार्वजनिक गरेको छ। नेपालमा एलजी उत्पादनको आधिकारिक वितरक सिजी इलेक्ट्रोनिक्समार्फत उपलब्ध यो अभियानअन्तर्गत उपभोक्ताले ४० प्रतिशतसम्म नगद छुट र पक्का उपहार प्राप्त गर्ने कम्पनीले जनाएको छ। यो विशेष अफर भदौ १६ गतेदेखि नेपालभर लागू हुने कम्पनीले जनाएको छ। कम्पनीले उपभोक्ताको आवश्यकताअनुसार शून्य प्रतिशत इएमआईमा किस्ताबन्दीमा सामग्री खरिद गर्न सकिनेछ। साथै, ३२ इन्च वा सोभन्दा ठुलो टिभी किन्दा नौ महिनाको नेट टिभी सब्स्क्रिप्सन पाइनेछ।



मुख्य आकर्षण

- फ्रन्ट लोड वासिङ मेसिन (११ केजीसम्म)- ६ केजी एरियल म्याटिक उपहार
- फ्रन्ट लोड वासिङ मेसिन (१३ केजी+)- इन्डक्सन चुलो उपहार
- टप लोड/ट्विन टब वासिङ मेसिन- तीन लिटर एरियल लिक्विड उपहार
- डिसवासर- २ प्याक डिसवासिङ ट्याब्लेट उपहार
- साइड-बाई-साइड फ्रिज- माइक्रोवेभ ओभन उपहार
- डबल डोर फ्रिज (३०८ लिटरसम्म)- प्रेसरकुकर उपहार
- डबल डोर फ्रिज (३४० लिटर+)- मिक्सर ग्राइन्डर उपहार
- माइक्रोवेभ ओभन- कुकिङ किट उपहार
- एयर कन्डिसनर- निःशुल्क इन्स्टलेसन
- ० प्रतिशत इएमआई (अन-द-स्पट, नो-कस्ट)- सजिलो किस्ताबन्दी खरिद

सामसङको 'दसैंको मुड, सबै गुड' अफर घोषणा

काठमाडौं/ सामसङ नेपालले 'दसैंको मुड, सबै गुड' सार्वजनिक गरेको छ। २५ भदौदेखि २४ असोजसम्म सञ्चालन हुने अफरमा ग्राहकले इन्स्टन्ट क्यासब्याक र उपहार पाउनेछन्। साथै, नेपालका अधिकृत खुद्रा साझेदारमार्फत अपग्रेड-एक्सचेन्ज सुविधा पनि उपलब्ध गराइएको छ। विभिन्न सिरिजका सामसङ टिभीमा तीन वर्षको फुल वारन्टीका साथै निःशुल्क प्रोफेसनल इन्स्टलेसन सुविधा छ।



त्यस्तै, सामसङका सिंगल-डोर, डबल-डोर र साइड-बाई-साइड रेफ्रिजेरेटरमा १९% सम्म इन्स्टन्ट क्यासब्याक दिइएको छ। छानिएका सात सय लिटर साइड-बाई-साइड मोडेल किन्दा माइक्रोवेभ ओभनको उपहार पनि पाउने कम्पनीले जनाएको छ। टप-लोड र फ्रन्ट-लोड वासिङ मेसिनमा २४ प्रतिशतम्म इन्स्टन्ट क्यासब्याक प्राप्त गर्नेछ।

त्यस्तै, टप-लोड (सात केजीभन्दा माथि) वा नौ केजी फ्रन्ट-लोड किन्दा सर्फ एक्सेल म्याटिक एक केजी र आठ केजीभन्दा माथिका फ्रन्ट-लोड मोडेलमा सर्फ एक्सेल म्याटिक ६ केजी उपहार पाइनेछ। रेफ्रिजेरेटर र वासिङ मेसिनमा डिआइटीमा २० वर्षको वारन्टी दिइनुका साथै सबै मोडेलमा निःशुल्क इन्स्टलेसन उपलब्ध रहेको कम्पनीले जनाएको छ।

गरिमालाई 'उत्कृष्ट बैंक'को अवार्ड



काठमाडौं/ गरिमा विकास बैंक लिमिटेडले 'उत्कृष्ट बैंक'को अवार्ड प्राप्त गरेको छ। इन्डियन च्याम्बर अफ कमर्सले बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदान गर्ने दक्षिण एसियाकै प्रतिष्ठित अवार्ड 'इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस्'बाट गरिमा सम्मानित भएको हो।

हालै भारतको नयाँदिल्लीमा आयोजित तेस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस् कार्यक्रममा गरिमा विकास बैंक 'दी बेस्ट बैंक' र 'बेस्ट एआई-एमएल इम्प्लिमेन्टेसन' विधामा उत्कृष्ट भएको हो। त्यस्तै, एमएसएमई विधामा रनर अपको अवार्ड प्राप्त गरेको हो। यस अवार्डमा नेपालसहित भारत, बंगलादेश, म्यानमार र श्रीलंकामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा गरिमा विकास बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीले संयुक्त रूपमा उक्त अवार्ड थापेका हुन्। इन्डियन च्याम्बर अफ कमर्सद्वारा सन् २०२४ मा आयोजित दोस्रो इमर्जिङ एसिया बैंकिङ कनक्लेभ एन्ड अवार्डस् कार्यक्रममा समेत यस विकास बैंकले अवार्ड जितेको थियो। यस उपाधिले आफ्ना ग्राहकलाई निरन्तर सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्ने विकास बैंकको लक्ष्यमा थप ऊर्जा प्रदान गरेको बैंकले उल्लेख गरेको छ।

कुल प्याडको स्मार्टफोन सार्वजनिक



काठमाडौं/ बिजी ग्रुपले स्मार्टफोन ब्रान्ड कुलप्याडलाई नेपालमा एक औपचारिक कार्यक्रममार्फत भित्र्याएको छ।

कार्यक्रममा बिजी ग्रुपका सिइओ समर्पण मिश्रले नेपाली उपभोक्ताका लागि विश्वस्तरीय उत्पादन र सेवा ल्याउने प्रतिबद्धता पूरा गरेको बताए। त्यस्तै, बिजी ग्रुपमा सेल्स प्रमुख विशाल बरालले आफ्नो १५ वर्षभन्दा बढीको अनुभव र कम्पनीको प्रयासले नेपाली बजारमा नयाँ प्रविधि भित्र्याउन सम्भव भएको बताए।

कम्पनीले नेपाली बजारमा कुलप्याड एक्स १००, कुलप्याड सी १६, कुल प्याड सी १५, कुलप्याड सिपी १२ एनइओ मोडेलका स्मार्टफोन सार्वजनिक गरेको छ।

सिटी एक्सप्रेसले ल्यायो दसैं-तिहार उपहार योजना



काठमाडौं/ सिटी एक्सप्रेस मनी ट्रान्सफरले दसैं, तिहार र छठलाई लक्षित गर्दै नयाँ उपहार योजना सार्वजनिक गरेको छ। कम्पनीले 'यो दसैं-तिहारमा सिटी एक्सप्रेसको साथ, हरेक हप्ता एक लाख' नामक उपहार योजना घोषणा गरेको हो।

आफ्ना ग्राहकसँग पर्वको खुसी साट्न लगातार नौ हप्तासम्म चल्ने गरी योजना ल्याएको सिटी एक्सप्रेसले जनाएको छ। योजना घोषणा कार्यक्रममा चर्चित हास्य कलाकार साथै सिटी एक्सप्रेसका ब्रान्ड एम्बासडर जितु नेपालको उपस्थिति रहेको थियो।

१६ भदौदेखि १५ कात्तिकसम्म लागू हुने सिटी एक्सप्रेसको यो उपहार योजनाअन्तर्गत लक्की ड्रामार्फत हरेक हप्ता एकजनालाई एक लाख रुपैयाँ र हरेक दिन सबैलाई सिटी पेबाट क्यास ब्याक पाउने योजनामा रहेको कम्पनीले जनाएको छ। योजना अवधिभरि सिटी एक्सप्रेसमार्फत विदेशबाट पैसा पठाउने सम्पूर्ण सेवाग्राही यो उपहार योजनामा सहभागी हुनेछन्। यस उपहारको विजेता छनोट गर्दा विद्युतीय प्रणालीद्वारा गरिने बताइएको छ।

विगत १९ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आएको सिटी एक्सप्रेस मनी ट्रान्सफरले हालै सिटी पे वालेटमार्फत अनलाइन भुक्तानीको सेवा सुरु गरेको छ। साथै, सिटी पेबाट रेमिट्यान्स भुक्तानी पनि गर्न सकिने कम्पनीले उल्लेख गरेको छ।

लक्ष्मी सस्टेनेबल इनर्जी फन्डद्वारा एक अर्ब रुपैयाँ संकलन

काठमाडौं/ लक्ष्मी सस्टेनेबल इनर्जी फन्डले निर्धारित एक अर्ब रुपैयाँ संकलन गरेको छ। यो फन्ड लक्ष्मी सनराइज क्यापिटल लिमिटेडद्वारा व्यवस्थित पहिलो प्राइभेट इक्विटी फन्ड हो। फन्डको मुख्य उद्देश्य जलविद्युत, सौर्य, वायु ऊर्जा तथा अन्य क्षेत्रमा लगानी गरी दिगो ऊर्जा क्षेत्रको विकासमा सहयोग पुऱ्याउनु रहेको छ।

लक्ष्मी सनराइज बैंक कोष प्रवर्द्धक तथा लक्ष्मी सनराइज क्यापिटल कोष व्यवस्थापक रहेको यस फन्डले निरन्तरको समर्थन र विश्वासप्रति लगानीकर्तामा आभारसमेत प्रकट गरेको छ। साथै, लक्ष्मी सनराइज क्यापिटल 'अपरेटिङ प्रिन्सिपल्स फर इम्प्याक्ट म्यानेजमेन्ट'मा हस्ताक्षरकर्तासमेत रहँदै आएको छ।

मञ्जुश्री फाइनान्सको केन्द्रीय कार्यालय थापाथलीमा



काठमाडौं/ मञ्जुश्री फाइनान्सको केन्द्रीय कार्यालय थापाथलीमा स्थानान्तरण भएको छ। केन्द्रीय कार्यालय भवन संस्थाका अध्यक्ष सुमनप्रसाद अधिकारीले उद्घाटन गरेका छन्।

कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत तेजराज तिमिल्सिनाले ग्राहकको साथ, विश्वास र मायाले निरन्तर अघि बढिरहेको फाइनान्सले आगामी दिनमा अझ परिष्कृत र उत्कृष्ट सेवा दिने बताए। नयाँ बानेश्वरस्थित साबिकको शाखा कार्यालयलाई यथावत् राख्दै हाललाई संस्थाको कर्पोरेट अफिस स्थानान्तरण भएको हो। फाइनान्सले २३.५ अर्ब निक्षेप संकलन गरी करिब १९ अर्ब कर्जा परिचालन गरेको छ।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०५/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ असोज ०१ गते बुधबार** का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

जगाती, भक्तपुर शाखा

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/२४ मा दर्ता नं. २४६९७०/०७७/०७८ कायम भई दर्ता रहेको काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा. वडा नं. ०२, स्थित रजिष्टर्ड कार्यालय रहेको **चण्डेश्वरी एकीकृत कृषी फार्म प्रा.लि.** (स्थायी लेखा नं. ६०९८४७०७३, जारी मिति २०७७/०८/२६)।

लिलाम हुने सम्पत्तिको विवरण

१. **मन्दिरा गौतम...१ र लता भण्डारी...१** को संयुक्त नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, नमोबुद्ध न.पा, वडा नं. ०४(सांविक मेथिनकोट गा.वि.स वडा नं. ६) स्थित कित्ता नं. १२५८, १२५९ र १२३४ को जग्गा क्षेत्रफल क्रमश १-८-०-०, १-८-०-० र ३-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **मधु दुङ्गाना**
ना.प्र.नं.- ७१९२४
जारी मिति - २०५४/०५/१५ जि.प्र.का. काभ्रे
बाबु - गोपी प्रसाद दुंगाना
बाजे - उमाकान्त दुङ्गाना
स्थायी ठेगाना- काभ्रे जिल्ला, मयुरापाटी गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

२. **खड्ग सिंह पराजुली**
ना.प्र.नं.- ८५२४२००३८
जारी मिति - २०४५/११/०४, जि.प्र.का. झापा
बाबु - मान बहादुर पराजुली
बाजे - पदम लाल पराजुली
स्थायी ठेगाना- झापा जिल्ला, शिवगंज गा.वि.स.,वडा नं.५
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

३. **मित्रबन्धु भण्डारी**
ना.प्र.नं.- १५१७५
जारी मिति - २०५८/०७/२२ जि.प्र.का.रुपन्देही
बाबु - रविलाल भण्डारी
बाजे - अनिरुद्र भण्डारी
स्थायी ठेगाना- रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. ०९
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

४. **झम्क प्रसाद गौतम**
ना.प्र.नं.- २११०४६/४०९१७ ७२९०
जारी मिति - २०५५/०८/०६, जि.प्र.का. रामेछाप
बाबु - नेत्र प्रसाद गौतम
बाजे - भवनाथ गौतम
स्थायी ठेगाना- रामेछाप जिल्ला, गुन्सी भदौरे गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

५. **गायत्री देवी दुङ्गाना**
ना.प्र.नं.- १४८७३४
जारी मिति - २०६२/१२/१३, जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - श्याम प्रसाद अधिकारी
पति - नवराज दुङ्गाना
स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, मथुरापाटी फूलबारी गा.वि.स., वडा नं. ०७
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

६. **प्रदिप कुमार अर्याल**
ना.प्र.नं.- ३६१/४३३९०६२८
जारी मिति - २०३३/०१/१५, जि.प्र.का. बारा
बाबु - माधव प्रसाद अर्याल
बाजे - भोला प्रसाद उपाध्याय
स्थायी ठेगाना- बारा जिल्ला, कलैया गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा., वडा नं. ०९, सृजनानगर

७. **लता भण्डारी**
ना.प्र.नं.- ३७-०१-७२-००३७५
जारी मिति - २०७२/०१/१४ जि.प्र.का. रुपन्देही
बाबु - मोती प्रसाद सापकोट
पति - मित्रबन्धु भण्डारी
स्थायी ठेगाना- रुपन्देही जिल्ला, तिलोत्तमा न.पा., वडा नं. १२
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

८. **मन्दिरा गौतम**
ना.प्र.नं.- ४०९८२
जारी मिति - २०५५/०८/१० जि.प्र.का. रामेछाप
बाबु - जगनिधी चौलागाई
पति - झम्क प्रसाद गौतम
स्थायी ठेगाना- रामेछाप जिल्ला, गुन्सी गा.वि.स., वडा नं. ०५
हालको ठेगाना- काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ०९, सृजनानगर

विर्तामोड शाखा

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय/घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति २०६९/१२/०४ दर्ता न. ३२०/६५६/१०७५० मा दर्ता रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. ०६ (हाल झापा जिल्ला विर्तामोड न. पा. वडा नं. ०३) स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू ईक काष्ठ फर्निचर उद्योग।**

प्रोप्राईटरको विवरण

हरी भक्त राजवंशी
ना.प्र.नं.- ३२३५८३०
जारी मिति - २०६०/०७/२०, जि.प्र.का. झापा
बाबु - राम कुमार राजवंशी
बाजे - फुर्ति लाल राजवंशी
स्थायी ठेगाना- झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. ०६
हालको ठेगाना- झापा जिल्ला विर्तामोड न. पा. वडा नं. ०३

लिलाम हुने सम्पत्तिको विवरण

१. **हरी भक्त राजवंशी**को नाममा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स वडा नं. ६ स्थित कित्ता नं. १६५६ र १६५८ को क्षे.फ. क्रमश ०-०-१२-० र ०-३-०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **रामवती राजवंशी**
ना.प्र.नं.- ०४३०३३/९८
जारी मिति - २०६३/१०/०४, जि.प्र.का. झापा
बाबु - घरभाड्गा राजवंशी
बाजे - दुर्गा प्रसाद राजवंशी
स्थायी ठेगाना- झापा जिल्ला, शिवगंज गा.वि.स वडा नं. ०७
हालको ठेगाना- झापा जिल्ला विर्तामोड न. पा. वडा नं. ०३

गैडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

१. ऋणीको विवरण

हर्क बहादुर वि.क.
ना.प्र.नं.- १०१४/०४४
जारी मिति - २०५३/०४/२३, जि.प्र.का. चितवन
बाबु - राम बहादुर विश्वकर्मा
बाजे - पुर्ण बहादुर वि.क.
स्थायी ठेगाना- चितवन जिल्ला मंगलपुर गा.वि.स./न.पा. वडा नं. ०८
हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १६, विजयनगर

लिलाम हुने सम्पत्तिको विवरण

१. **हर्क बहादुर वि.क.** को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ८/ग (हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४०१ को क्षेत्रफल १६९.३१ (व.मि.) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **इन्दिरा विश्वकर्मा**
ना.प्र.नं.- ३५-०१-७०-००६४५
जारी मिति - २०७०/०९/२३, जि.प्र.का. चितवन
बाबु - बाटुले कामी
बाजे - जङ्ग बहादुर वि.क.
पति - हर्क बहादुर वि.क.
स्थायी ठेगाना- चितवन जिल्ला मंगलपुर गा.वि.स./न.पा. वडा नं. ०८
हालको ठेगाना- चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १६, विजयनगर

२. ऋणीको विवरण

बद्रि प्रसाद नेपाल
ना.प्र.नं.- ३३०७९/(३६७३)
जारी मिति - २०७९/०९/२१, जि.प्र.का. नुवाकोट
बाबु - खेम प्रसाद नेपाल
बाजे - खेमनाथ नेपाल
पत्नि - सीता नेपाल
स्थायी ठेगाना- नुवाकोट जिल्ला, बागेश्वरी गा.वि.स/न.पा. वडा नं. ०७
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैडाकोट न.पा. वडा नं. ०५

लिलाम हुने सम्पत्तिको विवरण

१. **बद्रि प्रसाद नेपाल**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला प्रगतीनगर गा.वि.स./न.पा. वडा नं. ४/ख (हाल नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला देवचुली न.पा. वडा नं. १३) स्थित कित्ता नं. १५८३ को क्षेत्रफल ०-१-३.२५-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **सीता नेपाल**
ना.प्र.नं.- २५३०७२/१४२
जारी मिति - २०६३/१०/११, जि.प्र.का. नुवाकोट
बाबु - टिका नाथ ढकाल
बाजे - लिलानाथ ढकाल
पति - बद्रि प्रसाद नेपाल
स्थायी ठेगाना- नुवाकोट जिल्ला, बागेश्वरी गा.वि.स./उ.म.न.पा. वडा नं. ०७
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैडाकोट न.पा. वडा नं. ०५,

२. **बिपना नेपाल**
ना.प्र.नं.- २५-०१-७२-०१६०५
जारी मिति - २०७२/०३/१८, जि.प्र.का. नुवाकोट
बाजे - खेम प्रसाद नेपाल
बाबु - बद्रि प्रसाद नेपाल
स्थायी ठेगाना- नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ०३
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैडाकोट न.पा. वडा नं. ०५,

३. **बिपिका नेपाल**
ना.प्र.नं.- २५-०१-७५-००३५९
जारी मिति - २०७५/०१/१९, जि.प्र.का. नुवाकोट
बाजे - खेम प्रसाद नेपाल
बाबु - बद्रि प्रसाद नेपाल
आमा - सीता नेपाल
स्थायी ठेगाना- नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ०३,
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैडाकोट न.पा. वडा नं. ०५,

३. ऋणीको विवरण

पार्वती खनाल (जैसी)
ना.प्र.नं.- ३६३०६१/८०७
जारी मिति - २०६३/११/२४, जि.प्र.का. नवलपरासी
बाबु - शान्त प्रसाद खनाल
बाजे - टिकाराम खनाल
पति - हरि प्रसाद जैसी
स्थायी ठेगाना- नवलपरासी जिल्ला, जहदा गा.वि.स./न.पा. वडा नं. ०३,
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४,

लिलाम हुने सम्पत्तिको विवरण

१. **हरि प्रसाद जैसी**को नाममा मालपोत कार्यालय, परासी नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला जहदा गा.वि.स. वडा नं. ३ङ (हाल नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला वर्दघाट न.पा. वडा नं. १३) स्थित कित्ता नं. ३२० को क्षेत्रफल ०-५-०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **हरि प्रसाद जैसी**
ना.प्र.नं.- १७४९६
जारी मिति - २०५१/०२/२०, जि.प्र.का. नवलपरासी
बाबु - मंजुराम जैसी
बाजे - दुरजुमान जैसी
पत्नि - पार्वती खनाल (जैसी)
स्थायी ठेगाना- नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ०२,
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४,

२. **सुजना आचार्य**
ना.प्र.नं.- ३६२०११/३९१२
जारी मिति - २०७१/१०/०४, जि.प्र.का. नवलपरासी (वर्दघाट सुस्ता पुर्व)
बाबु - हरि प्रसाद जैसी
बाजे - मंजुराम जैसी
स्थायी ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४

३. **सुस्मिता आचार्य**
ना.प्र.नं.- ३६-०२-७४-०३२७२
जारी मिति - २०७४/०४/०९, जि.प्र.का. नवलपरासी
बाबु - हरि प्रसाद जैसी
आमा - पार्वती खनाल जैसी
बाजे - मंजुराम जैसी
स्थायी ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४
हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, देवचुली न.पा. वडा नं. १४

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ भदौ ३१ गते** भित्र बैंकको सम्बन्धित शाखा/ कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ असोज ०१ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ असोज ०१ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

एएफसीले अयोग्य भनेको दशरथ रंगशालामा फिफाको आधिकारिक मैत्रीपूर्ण खेल हुँदै

एएफसीले अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता गर्न अयोग्य भनेको दशरथ रंगशालामै २१ र २४ भदौमा फिफाको आधिकारिक नेपाल-बंगलादेशबिचको मैत्रीपूर्ण खेल हुँदै

रमेश सुवेदी/नयाँ पत्रिका

एसियन फुटबल महासंघ (एएफसी)ले अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना गर्न अयोग्य भनेको दशरथ रंगशालामै २१ र २४ भदौमा फिफाको आधिकारिक खेल हुँदै छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाल-बंगलादेशबिचको दुई मैत्रीपूर्ण खेलको आयोजना गर्दै छ।

गत साता एएफसीले मापदण्ड नपुगेको भन्दै दशरथ रंगशालामा प्रतियोगिता गर्न नमिल्ने एन्फालाई बताएको थियो। एएफसीले आवश्यक सबै मापदण्ड पूरा गरेको अवस्थामा मात्र दशरथ रंगशालामा आफ्नो प्रतियोगिता आयोजना गर्न दिने भनेको छ। मापदण्ड पूरा नहुँदा एएफसीले यसै वर्ष हुने मलेसिया र भियतनामविरुद्धको खेल गर्न नमिल्ने निर्णय गरेको हो। 'रंगशालामा सिट नम्बर व्यवस्थित नभएको, दर्शक, भिआइपी, मिडिया प्रवेश गर्ने एउटै गेट रहेको छ,' एएफसीको भनाइ छ, 'रंगशालाको फ्लडलाइट र मैदानको सतहसमेत नमिलेको, ड्रेनेज पनि ठिक छैन। यसैकारण दशरथ रंगशालामा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न मिल्दैन।'

एन्फाले नेपाल र बंगलादेशबिचको फिफा विन्डोमा हुने खेलअघिको प्रशिक्षण भद्रकालीस्थित नेपाली सेनाको मैदान र च्यासलमा रहेको च्यासल रंगशालामा प्रबन्ध मिलाएको छ। नेपालविरुद्ध खेल्ने बंगलादेशी टोली बुधबार काठमाडौं आइपुग्नेछ। यद्यपि, एएफसीले यी दुवै मैदानमा पनि अभ्यास गर्न नमिल्ने बताएको छ।

एसियन कप छनोटको तयारी

नेपालले बंगलादेशविरुद्धको मैत्रीपूर्ण खेललाई एएफसी एसियन कप छनोटको तयारीका रूपमा लिएको छ। एसियन कप छनोटमा नेपाल समूह 'एफ'मा छ। समूहमा नेपालसँगै मलेसिया, लाओस र भियतनाम छन्। नेपालले अहिलेसम्म समूह चरणमा खेलेका दुईवटै खेल गुमाएको छ। नेपाल आफ्नो समूहमा अंकविहीन छ। नेपालले पहिलो खेल मलेसिया र दोस्रो खेल लाओसविरूद्ध हारको सामना गरेको थियो। इतिहासमै पहिलोपटक नेपाल लाओससँग पराजित भएको थियो।

नेपालले २३ असोजमा भियतनामसँग उसैको मैदानमा खेल्ने तालिका छ। यसैबिच मुख्य प्रशिक्षक म्याट रोसले किरणको कप्तानीमा नेपाली टोली घोषणा गरेका छन्। पछिल्लो फिफा वरीयतामा नेपाल १७६औँ स्थान र बंगलादेश १८४औँ स्थानमा छ। यस मैत्रीपूर्ण खेलले फिफा वरीयतामा समेत प्रभाव पार्नेछ।



मैत्रीपूर्ण अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताको जानकारी दिँदै एन्फा । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

एन्फा आफैंले टिकट बेच्ने

नेपाली राष्ट्रिय पुरुष फुटबल टोली र बंगलादेशबिचको दुई मैत्रीपूर्ण खेलको टिकट एन्फा आफैंले बेच्ने भएको छ। एन्फाले पहिलो टिकट बिक्री टेन्डरमार्फत गरेको थियो। पछिल्लोपटक अन्तर्राष्ट्रिय खेल हुँदा टिकट बिक्री गरेको कम्पनीले व्यवस्थित बनाउन सकेन। कम्पनीको क्षमतामाथि प्रश्न उठेपछि एन्फा आफैंले यसपटक टिकट बिक्री गर्न लागेको प्रवक्ता सुरेश शाहले बताए।

'हामीले यसअघि अरूलाई बिक्रीको जिम्मेवारी दिएका थियौं, तर क्षमताभन्दा बढी टिकट बिक्री गर्नेलगायतका विषय आउन थालेपछि योपटक एन्फा आफ्नै स्रोतसाधन प्रयोग गरी टिकट बिक्री गर्ने पक्षमा पुगेको हो,' उनले भने। प्रवक्ता शाहका अनुसार भिआइपीतर्फ एक हजार र सामान्य पारापिटतर्फ ५ सय रूपैयाँ राखिएको छ। एन्फाले टिकट बिक्री फिजिकल र अनलाइनमध्ये कुन तरिकाले बिक्री गर्ने भन्ने विषयमा निर्णय गरेको छैन।

मैत्रीपूर्ण खेलका लागि एन्फाले आठ हजार दुई सय टिकट बिक्री गर्ने छ। जसमध्ये १२ सयसम्म भिआइपी प्यारापिटका छन्। मैत्रीपूर्ण खेल आयोजना गर्न एन्फाले एक करोड २७ लाख ५८ हजार १६८ रुपैयाँ बजेट छुट्याएको छ।

नेपाली टोली

किरण चेम्जोङ (कप्तान), दीप कार्की, टिकेन्द्र थापा, अभिषेक लिम्बू, आदित्य शाक्य, अमित लामा, अनन्त तामाङ, अन्जन विष्ट, अरिक विष्ट, दिनेश हेन्जन, जिलेस्पीजंग कार्की, कुशल देउवा, लकेन लिम्बू, मणि कुमार लामा, मनीष डाँगी, रन्दीप पौडेल, रोहन कार्की, रोहित चन्द, समीर तामाङ, सृजन राज, सुभाष ठकुरी बम, सुमन श्रेष्ठ र योगेश गुरुङ।

प्रशिक्षणमा फर्किए किरण

नेपाली राष्ट्रिय टोलीका कप्तान तथा गोलरक्षक किरणकुमार चेम्जोङ प्रशिक्षणमा फर्किएका छन्। यसअघि किरण बंगलादेशको लिगमा आबद्ध थिए। उनी प्रिसिजनका खेल खेलेर फर्किएका हुन्। ३५ वर्षीय किरण हालै मात्र बंगलादेशको पुलिस क्लबमा अनुबन्ध भएका थिए। यो उनको चौथो विदेशी क्लब हो।

किरणले यसअघि माल्दिभ्सको ट्रस्ट एन्ड केयर स्पोर्टस् क्लब, भारतको मिनर्भा पन्जाब र माल्दिभ्सको माजिया क्लबबाट खेलिसकेका छन्। सन् २००७ देखि उनी नेपाली राष्ट्रिय टोलीकै पहिलो रोजाइका गोलरक्षकका रूपमा छन्।



श्रेष्ठ र राजकर्णिकार ओसिएको निलम्बनमा


● नीलेन्द्रराज श्रेष्ठ


● रवि राजकर्णिकार

एथिक्स कमिटीको सिफारिसका आधारमा एनओसीको तदर्थ समितिका सदस्यहरू राजकर्णिकार र श्रेष्ठ दुई वर्षसम्म ओसिएका कुनै पनि गतिविधिमा सहभागी हुन नपाउने निर्णय

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

ओलम्पिक कमिटी अफ एसिया (ओसिए)ले नेपाल घोडचढी संघका अध्यक्ष रवि राजकर्णिकार र नेपाल ट्रायथलन संघका अध्यक्ष नीलेन्द्रराज श्रेष्ठलाई दुई वर्षको प्रतिबन्ध लगाएको छ। ओसिए कार्यकारी बोर्डको २८ अगस्टमा बसेको बैठकले एथिक्स कमिटीको सिफारिसका आधारमा राजकर्णिकार र श्रेष्ठलाई दुई वर्षसम्म ओसिएसँग सम्बन्धित कुनै पनि गतिविधिमा सहभागी हुन प्रतिबन्ध लगाएको हो।

इथिक्स कमिटीका अध्यक्ष देवेन्द्रनाथ सारंगीले ३१ अगस्टमा राजकर्णिकार र श्रेष्ठलाई पत्र लेख्दै निलम्बनको जानकारी गराएका छन्। 'दुई वर्षसम्म ओसिएसँग सम्बन्धित रहेको कुनै पनि कार्यक्रममा सहभागी हुन नपाउने गरी प्रतिबन्धको निर्णय बोर्डले गरेको छ,' सारंगीले राजकर्णिकार र श्रेष्ठलाई पठाएको पत्रमा भनिएको छ, 'इथिक कमिटीको सिफारिसमै कारबाही भएको हो।' सारंगीले निर्णय तत्कालै कार्यान्वयनमा आउने जनाएका छन्।

निलम्बनसम्बन्धी पत्रको प्रतिलिपि अन्तर्राष्ट्रिय मान्यताप्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी), अन्तर्राष्ट्रिय तथा एसियाली घोडचढी महासंघ र अन्तर्राष्ट्रिय तथा एसियाली ट्रायथलन महासंघलाई पनि पठाइएको छ। ओसिएको प्रतिबन्धमा परेका दुवै व्यक्ति सरकारले गठन गरेको नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिका सदस्य हुन्।

२६ साउनमा सरकारले ध्रुवबहादुर प्रधान संयोजक रहेको एनओसी तदर्थ समिति गठन गरेको थियो। राजकर्णिकार र श्रेष्ठ यसअघि एनओसीकै सदस्य थिए। आइतबार प्रधान संयोजक रहेको सरकारी मान्यताप्राप्त एनओसी तदर्थ समितिलाई ओसिएको लोगो प्रयोग नगर्न चेतावनी दिएको थियो।

'ओसिएको निर्वाचन प्रभावित पार्न कारबाही'

सन् २०२६ को जनवरीमा ओसिएको निर्वाचन हुँदै छ। निर्वाचनमा ओसिएमा आबद्ध अन्तर्राष्ट्रिय खेल संघका प्रतिनिधिहरूले मतदान गर्नेछन्। सो निर्वाचनमा सहभागी नगराउने उद्देश्यले आफूहरूलाई कारबाही गरेको श्रेष्ठले बताए। 'हामी दुवै जनामाथि नियतवश कारबाही गरिएको हो। आगामी जनवरीमा ओसिएको निर्वाचन हुँदै छ। निर्वाचनमा भाग नलिने उद्देश्यले विनाकारण प्रतिबन्ध लगाएको हो,' श्रेष्ठले भने, 'देशको कानुन नमान्ने व्यक्तिहरूले नै ओसिएका केही पदाधिकारीलाई समेत प्रभाव पारेका छन्।'

तदर्थ समितिका सदस्यसमेत रहेका श्रेष्ठले नेपालमा ओलम्पिक विवादबारेमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) लाई जानकारी भएको बताए। छिट्टै आइओसीका पदाधिकारी नेपाल आएर विवाद समाधान गर्ने उनको दाबी छ।

खेल संक्षेप

ज्ञान निकेतन र टिआइए फाइनलमा

काठमाडौं/ ज्ञान निकेतन र टिआइए ३१औँ ज्ञान कार्निभलअन्तर्गत पुरुष बास्केटबलमा सोमबार फाइनलमा प्रवेश गरेका छन्। ज्ञान निकेतनले बालदीक्षा सदनलाई ६१-४९ ले पराजित गऱ्यो। टिआइएले रेडियन्ट पब्लिकलाई ५७-५२ ले हरायो। कार्निभलअन्तर्गत महिला बास्केटबलमा रिब्स र मल्पी इन्टरनेसनल उपाधिका लागि भिड्ने भएका छन्। रिब्सले दीक्षालयलाई ३३-१३ ले पाखा लगायो। रिब्सकी सुप्रिया मल्लले १६ स्कोर गरिन्। मल्पीले रेडियन्ट पब्लिकलाई २५-१८ ले पन्छायो। मल्पीकी प्रणवी राणाले १३ स्कोरको योगदान गरिन्।

अन्तरविद्यालय फुटसल हुँदै

काठमाडौं/ प्रथम भेलोसिटी अन्तरविद्यालय फुटसल प्रतियोगिता २१ र २२ भदौमा हुने भएको छ। प्रतियोगितामा उपत्यकाका १६ वटा विद्यालय सहभागी हुने संयोजक सुप्रभ घिमिरेले बताए। प्रतियोगितामा द भेलोसिटी स्कुल, नवज्ञान पाठशाला, फेरिल्यान्ड इन्टरनेसनल, प्रारम्भ एकेडेमी, मेरिडियन इन्टरनेसनल, खुस्टियन कम्युनिटी, ग्रिनविच एकेडेमी, श्रीयन्त्र एजुकेसनल फाउन्डेसन र पुष्पलाल मेमोरियलले भाग लिनेछन्। यसैगरी, ब्रह्मकुञ्ज शिक्षासदन, बालवाटिका, मिनिल्यान्ड, स्वस्तीश्री गुरुकुल, विद्यावाणी पाठशाला, हाइल्यान्ड र अक्षरा स्कुलले प्रतिस्पर्धा गर्नेछन्।

सिसिआरसीका दुवै टोली क्वार्टरफाइनलमा

काठमाडौं/ क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सिसिआरसी) एस आइबिएस श्री बाई श्री बास्केटबल प्रतियोगिताको पुरुषमा सोमबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भइरहेको प्रतियोगितामा सिसिआरसी 'ए'ले मनास्लु 'ए'लाई १३-११ ले हरायो। सिसिआरसी 'बी' ले एलआरआईलाई १९-१० ले पराजित गऱ्यो। पुरुष जेभियर 'ए'ले लालीगुराँस नेसनल एकेडेमीलाई २१-१४ ले पाखा लगायो। टाइम्सले एनजेवाइएसलाई ११-९ र प्लेबक्सले बीभीएसलाई ९-७ ले हराए। प्रिमियरले मनास्लु 'बी'लाई २१-१३ र जेभियर 'बी' ले गोल्डेनगेट 'बी'लाई १२-१० ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। महिलातर्फको क्वार्टरफाइनलमा टिम क्वासनले चेल्सीको सामना गर्नेछ। प्रतियोगिताको पुरुषमा ३२ तथा महिलामा १२ टोली सहभागी छन्। पुरुषतर्फका विजेताले २० हजार र उपविजेताले १० हजार रूपैयाँ पाउनेछन्।

एन्जल लर्ड र बागमतीलाई बास्केटबल उपाधि

काठमाडौं/ एन्जल लर्ड एकेडेमी र बागमती बोर्डिङ स्कुलले सोमबार दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। आयोजक टाइमलाइन स्कुलको कोर्टमा भएको पुरुषतर्फको फाइनलमा एन्जल लर्डले नेमोनिक मोडर्न एकेडेमीलाई ४९-४२ ले पराजित गऱ्यो। एन्जल लर्डको जितमा अभय गुरुङले २२ स्कोरको योगदान गरे। महिला उपाधि भिडन्तमा स्मृति पोखरेलको १६ स्कोरको सहयोगमा बागमतीले पनि नेमोनिकलाई ३७-२५ ले हरायो।



पुरुषमा एन्जल लर्डका समीर मगर र महिलामा बागमतीकी स्मृति पोखरेल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। पुरुषमा नेमोनिकका विपेश थिङ र गर्ल्समा नेमोनिककी वर्षा खड्का उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए।

पुरुषतर्फ रेनिस लामा र महिलामा अस्मिता थापा सर्वाधिक स्कोरकर्ता बने। विजेतालाई गोकर्णेश्वर नगरपालिका मेयर दीपककुमार रिसाल र आयोजक टाइमलाइनका प्रिन्सिपल रामप्रसाद बडाललगायतले पुरस्कृत गरे। ५ भदौदेखि सुरु भएको प्रतियोगिताको पुरुषमा २४ तथा महिलामा १६ टोलीले भाग लिएका थिए।

कीर्तिमानी रकममा इसाक लिभरपुलमा

न्युकासलका स्ट्राइकर एलेक्जेन्डर इसाकलाई भित्र्याउन साबिक विजेता लिभरपुलले १२५ मिलियन पाउन्ड खर्च गऱ्यो। सन् २०२३ मा चेल्सीले मोइसेस काइसिडोका लागि ११५ मिलियन पाउन्ड खर्चेको थियो।



एजेन्सी

साबिक विजेता लिभरपुलले सोमबार इंग्लिस प्रिमियर लिगकै कीर्तिमानी रकममा न्युकासल युनाइटेडका स्ट्राइकर अलेक्जेन्डर इसाकलाई अनुबन्ध गरेको छ। लिभरपुलले इसाकलाई भित्र्याउन १२५ मिलियन पाउन्ड खर्चेको बेलायती एजेन्सीले जनाएको छ। स्विडेनका अन्तर्राष्ट्रिय खेलाडी इसाक र लिभरपुलबिचको ६ सम्झौता पक्का भइसकेको छ। यसै साता इसाक लिभरपुलमा मेडिकल जाँचका लागि आउनेछन्। न्युकासलका अनुसार अन्तिम सम्झौता रकम १३० मिलियन पाउन्डसम्म पुग्न सक्छ।

यसै महिनामा लिभरपुलले आफ्नो फिनिसिङ लाइन बलियो बनाउन इसाकलाई प्रारम्भिक चरणमा ११० मिलियन पाउन्डको प्रस्ताव राखेको थियो। उनले अस्वीकार गरेका थिए। २५ वर्षीय इसाकको सम्झौता ट्रान्सफर विन्डोको अन्तिम दिन समाप्त हुनेछ। यस सिजनमा लिभरपुलले नयाँ खेलाडी भित्र्याउन राम्रो लगानी गरेको छ। प्रिमियर लिगको २०२५/२६ को सिजनका लागि लिभरपुलले जर्मनीका अट्याकिङ मिडफिल्डर फ्लोरियन विर्ट्जलाई १०० मिलियन पाउन्डमा सम्झौता गर्दै आफ्नो क्लब ट्रान्सफर रेकर्ड तोडेको थियो। इसाक सन् २०२२ मा स्पेनिस क्लब रियल सोसिडाडबाट ६० मिलियन पाउन्डमा न्युकासलमा आबद्ध भएका थिए। उनले गत सिजन सबै प्रतियोगितामा गरी न्युकासलबाट ४२ खेलमा सर्वाधिक २७ गोल गरेका थिए।

चेल्सीको रेकर्ड लिभरपुलले तोड्यो

पछिल्लो समयमा लिभरपुल नयाँ खेलाडी भित्र्याउन आक्रामक रूपमा अगाडि बढिरहेको छ। इसाकसँगको अनुबन्धपछि लिभरपुलले चेल्सीको रेकर्डसमेत तोडेको छ। अब लिभरपुल कीर्तिमानी रकम खर्चेर खेलाडी भित्र्याउने इंग्लिस क्लब बनेको छ। सन् २०२३ को सिजनमा चेल्सीले खेलाडी ट्रान्सफर विन्डोमा मोइसेस काइसिडोका लागि ११५ मिलियन पाउन्ड खर्चेको थियो। यसै सिजनमा लिभरपुलले जर्मनीका मिडफिल्डर फलारिन विर्ट्जलाई सय मिलियन पाउन्डमा भित्र्याएको थियो। सम्झौताअनुसार फलारिनले लिभरपुलबाट प्रतिवर्ष थप १६ मिलियन पाउन्ड पाउनेछन्।

खर्चिलो क्लब लिभरपुल

लिभरपुलले योपटक युरोपियन प्रतियोगितामा दबदबा बनाउने योजना बनाएको बेलायती एजेन्सीले जनाएको छ। यसैकारण उसले इतिहासमै पहिलोपटक खेलाडी भित्र्याउन कीर्तिमानी रकम खर्च गऱ्यो समग्रमा लिभरपुलले अहिलेसम्म ४१६.२ मिलियन पाउन्ड खर्च गरिसकेको छ। यसअघि सन् २०२३ मा चेल्सीले ४०१.२ मिलियन पाउन्ड खेलाडीसँगको अनुबन्धमा खर्च गरेको थियो।

अब इंग्लिस प्रिमियर लिगको इतिहासमा लिभरपुल अहिलेसम्मकै खर्चिलो क्लब बनेको छ। लिभरपुलले सातजना खेलाडी बिक्री गर्दै १९० मिलियन पाउन्ड आम्दानी गरेको छ। फुटबल इतिहासमा दुईपटक महँगो ट्रान्सफर भएका छन्। फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)ले दुई खेलाडीका लागि कीर्तिमानी रकम खर्चेको छ।

एक दशकदेखि उसुमा जमिरहेका सिन्जाली

नयाँ पत्रिका



उसुका विजय सिन्जाली अहिले राष्ट्रिय हिरोका रूपमा छन्। यो सफलताको पछाडि सिन्जालीले डेढ दशकदेखि कडा मिहिनेत गरिरहेका छन्। जुनियरस्तरको राष्ट्रिय उसु प्रतियोगितामा उनी अपराजितजस्तै रहे। प्रतिभा निखारिँदै जाँदा उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक जिते। सन् २०१६ को भारतको गुवाहाटी र सिलोङमा भएको १२औँ दक्षिण एसियाली खेलकुद (साग)मा उनले करिअरकै ठुलो पदकका रूपमा रजत जिते।

भारतमा स्वर्ण जित्न नसकेको हुटहुटीलाई उनले सन् २०१९ मा काठमाडौंमै भएको १३औँ सागमा पूरा गरे। थाउलोको वाडक्वाडमा सिन्जालीले सर्वाधिक ९.४८ अंक हासिल गर्दै स्वर्ण जित्ने सपनालाई पूरा गरी छाडे। उनको यो स्वर्ण एकैपटक शिखरमा पुग्यो। उनी फर्ममा रहँदा अन्तर्राष्ट्रिय लेभलमा पनि विपक्षी खेलाडी सहजै परास्त हुन्थे। गत अक्टोबरमा जापानको योकोहामा सम्पन्न तेस्रो थाउलो विश्वकपमा सिन्जालीले कांस्य पदक जितेर नयाँ इतिहास रच्न सफल भए।

नौजना खेलाडीबिचको प्रतिस्पर्धामा सिन्जालीले अमेरिका, मेक्सिको, बेलायतलगायत ६ राष्ट्रका खेलाडीलाई पछि पार्दै उनले नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाए। यसै पदकका कारण सरकारले उनलाई ६५ लाख रुपैयाँ प्रदान गरी पुरस्कृत गऱ्यो। नेपाली खेलकुदमा सरकारबाट अहिलेसम्मकै ठुलो रकम पाउने खेलाडीमध्ये उनी एक बनेका छन्।



सागदेखि विश्वकपसम्मको सफलताका कारण सिन्जाली नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले ३० भदौमा आयोजना गर्ने एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डअन्तर्गत पिपल्स च्वाइस विधामा मनोनयनमा परेका छन्। 'मैले यो अवार्डमा लगभग १० वर्षसम्म 'स्टेज सो' गरेको छु। कुनै दिन मनोनयनमा पर्छु होला भन्ने सपना थियो, अहिले मनोनीत हुन पाउँदा सपना पूरा भएको छ,' सिन्जालीले भने। यो अवार्डको विजेता समर्थक, खेल प्रशिक्षक र खेलकुद पत्रकारहरूको मतका आधारमा हुने छन्।

अन्तर्राष्ट्रिय एरिनामा सफलता

थाउलो विश्वकपमा प्राप्त कांस्यले मात्रै सिन्जालीको करिअरलाई न्याय गर्दैन। उनले आफ्नो करिअरमा अन्य थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक निरन्तर जितिरहेका छन्। उनले साउदी अरेबियाको रियादमा भएको विश्व कम्ब्याट च्याम्पियनसिपमा पनि कांस्य जितेका थिए। चीनमा भएका दुई अन्तर्राष्ट्रिय आमन्त्रण उसु च्याम्पियनसिपमा तुइलेन विधामा तेस्रो स्थान र जियान्सु विधामा आठभित्र पर्नसमेत सफल भए। घरेलु प्रतिस्पर्धामा सिन्जाली त्रिभुवन आर्मीमा आबद्ध छन्। पिपल्स च्वाइस अवार्डको विजेता चयन भोटिङबाट हुने गर्छ। त्यसमध्ये ५० प्रतिशत मतभार खल्ती वालेटको भोटिङ, फेसबुकको मतभार २५ प्रतिशत र बाँकी २५ प्रतिशत भोट पत्रकार र मुख्य प्रशिक्षकका हुने छन्।

Invitation for Sealed Bids

(Date of Publication: 18th August, 2025)
(Second Date of Publication: 2nd September, 2025)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for following services:

1. Supply and Deployment of Robotic Process Automation (RPA) Platform
2. Supply of Application Programming Interface Management System (APIMS) Software

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:00 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) for each service on or before 7th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

Minimum Eligibility Criteria:

1. Bidder must be in operation for 3 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last two year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com